मुलुकको समृद्दी, लोकतन्त्रको सुदृढीकरण तथा
भ्रष्टाचारको अन्त्यका लागि

## ★★ नेपाली कांग्रेसको ★★

# पुस्तान्तरण सहित रुपान्तरणको प्रस्ताव

२०८२ असोज २८ गते नेपाली कांग्रेस केन्द्रीय
समिति बैठकमा प्रस्तुत धारणा

प्रदीप पौडेल
केन्द्रीय सदस्य

*राष्ट्रिय स्वाधिनताको रक्षा, लोकतन्त्रको सुदृढीकरण तथा भ्रष्टाचारको अन्त्यका लागि*

# नेपाली कांग्रेसमा रूपान्तरणको प्रस्ताव

**प्रस्तावकः प्रदीप पौडेल**
**केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

## १. पृष्ठभूमि

देश र जनतालाई अधिकार सम्पन्न बनाउन नेपाली कांग्रेसले गरेको सङ्घर्षको इतिहास गौरवशाली छ, अनुकरणीय छ । त्यसैले मलाई सधै नेपाली कांग्रेस हुनुमा गर्व छ । बर्वर तथा क्रुर जहानिँया राणा शासनविरूद्ध सङ्घर्ष गर्दै उदाएको नेपाली कांग्रेसको काँधमा देशका सबैजसो आन्दोलन, विद्रोह तथा परिवर्तनको नेतृत्व लिनुपर्ने जिम्मेवारी आइलाग्यो । पार्टीका अग्रजहरूले ती जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै नेपाललाई एक उदार, लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक मुलुकका रूपमा विकास गर्न सफल हुनुभयो । नेपाली कांग्रेसको अथक प्रयासबाट मुलुक बहुदलमा आधारित शासकीय स्वरूप र जनताको छनौटको प्रक्रियामा सबैको स्वीकार्यता बढायो, सँगसँगै नेपाली कांग्रेसले आफूलाई पनि समयअनुसार परिष्कृत गर्दै लगेको छ । नेपाली कांग्रेस जस्तो प्रजातान्त्रिक पार्टीले आफूलाई जनभावना र मुलुकको आवश्यकता अनुसार रूपान्तरित गर्दै लैजानु पनि पर्दछ ।

भदौ २३ र २४ गते **जेन जी** उमेर समूहका युवाहरूले गरेको विद्रोहबाट पाठ सिक्दै नेपाली कांग्रेसले आफूलाई समय सापेक्ष सच्याउने मात्र होइन, आमूल रूपान्तरण गर्दै अगाडि बढ्नु पर्छ । हाम्रा कमजोरी भएकाले नै जनता र नयाँ पुस्ताले विद्रोह गरेका हुन्, त्यसैले हामी सच्चिनु आवश्यक छ भन्ने प्रष्ट दृष्टिकोण नेपाली कांग्रेसले बनाउनु पर्छ । युवा विद्रोहलाई षडयन्त्रको रूपमा मात्र बुझियो भने त्यो अर्को गम्भिर भूल हुनेछ । इतिहासलाई हेर्ने हो भने आजसम्म देशमा भएका सबै आन्दोलनको नेतृत्व नेपाली कांग्रेसले गरेको छ, तर आज नेपाली कांग्रेसले चालै नपाई हामीलाई नै खबरदारी गर्दै विद्रोह भएको छ । यसलाई हामीले राजनीतिक अर्थमा लिनु पर्दछ, षडयन्त्र हो भनेर मात्र पन्छिनु हुँदैन ।

झट्ट हेर्दा अहिले नेपाली कांग्रेसमाथिको जनविश्वास धर्मराएको जस्तो देखिएको छ, धर्मराएको जनविश्वास पुनःस्थापना गर्नु नेपाली कांग्रेसको पहिलो आवश्यकता हुनुपर्दछ । हामीसँग गर्विलो इतिहास त छ, तर, इतिहासमा मात्र गर्व गरेर राजनीतिक दल अगाडि जान सक्दैनन् । यसलाई हामी सबैले समयमै आत्मसात् गर्नु पर्दछ । फेरी पार्टीभित्रको बहुमत र अल्पमतको प्राविधिक विषय मात्र पनि निर्णायक हुनु हुँदैन । कतिपय अवस्थामा पार्टी भित्रको अंक गणितको खेलमा मात्र रमाउँदा सिङ्गो समाज नै छुट्न सक्ने जोखिम हुन्छ । पछिल्लो युवा विद्रोहले नेपाली कांग्रेस एउटा सचेत, जिम्मेवार र क्रियाशील पुस्ताबाट कतै अलग्गिने वा टाढिने त होइन भन्ने आभास गराएको छ । कांग्रेसप्रतिको भरोसा र विश्वास क्रमशः घट्दै गएको आकलन गर्न सकिने अवस्थामा हामी छौँ ।

यसलाई जतिसक्दो छिटो सच्याएर जनतासँग एकाकार हुनु नै नेपाली कांग्रेस, लोकतन्त्र, देश र जनताको हितमा हुनेछ । त्यसका लागि कांग्रेसमा अब रूपान्तरणको आवश्यकता रहेको कसैले नकार्नु हुँदैन ।

## २. युवा विद्रोहको समीक्षा

पछिल्ला वर्षहरूमा विश्वभर युवा समूहले आन्दोलन गरिरहेका छन् । तीन वर्ष यता दक्षिण एसियाका तीन मुलुकमा भएका युवा विद्रोह हामीले देख्यौँ । भदौ २३ र २४ गते नेपालमा भएको युवा विद्रोहलाई पनि त्यसैको श्रृंखलाका रूपमा लिन सकिन्छ । यसलाई सन् २०१० को **'अरब स्प्रिङ विद्रोह'** को निरन्तरताको रूपमा समेत लिन सकिन्छ । गणतन्त्र प्राप्तिपछि पनि जनतामा आशा जगाउन नसक्नु, राज्य सत्ता र यसको कार्यशैलीप्रति चुलिँदो असन्तुष्टि, व्याप्त भ्रष्टाचार, सेवा प्रवाहमा रहेको ढिलासुस्ती, समाजमा विस्तार भएको नकरात्मकता, पुराना दलहरूमा विकास भएको नियन्त्रणमुखी केन्द्रीयता, सीमित लोकतन्त्र, नयाँ दलहरूमा देखिएको लोकरिझ्याई (पपुलिजम)को प्रतिस्पर्धा तथा अपरिपक्वता, जनताको तीव्र विकासको चाहना, छिमेकको तीव्र उन्नति, विभिन्न मुलुकमा भएका पछिल्ला विद्रोह आदिले सिर्जना गरेको विस्फोटउन्मुख परिवेश छँदै थियो । त्यसमा अहिले विश्वव्यापी जीवनैशलीको पयार्य बनिसकेको सामाजिक सञ्जाल माथिको प्रतिबन्धले आगो सल्काउने काम गऱ्यो ।

भ्रष्टाचारको अन्त्य र सुशासन प्रवर्द्धनका लागि युवाहरूले सुरू गरेको विद्रोहले मुलुकमा विशेष परिस्थिति सिर्जना भयो । वर्षौदेखिको असन्तुष्टि क्षणभरमा सडकमा छताछुल्ल हुन पुग्यो । आन्दोलनको उद्देश्य पवित्र र अपरिहार्य थिए । बाटो बिराएका राजनीतिक दल तथा राज्यका निकायलाई ठिक ठाउँमा ल्याउन यो उद्घोष आफैमा ऐतिहासिक थियो । दलहरू प्रति **"सच्चिने कि सक्किने"** भन्ने प्रश्न वर्षौदेखि उठेको थियो तर त्यसलाई उचित महत्वका साथ हेरिएको थिएन । जसको परिणती विद्रोहमा अभिव्यक्त भयो । यत्रो विद्रोहको छनकसम्म दुई ठूला पार्टी मिलेर बनेको सरकारले समयमा पाउन सकेन बरू सरकार निरिह देखियो । जायज मागहरू लिएर शान्तिपूर्ण प्रदर्शनको तयारी गर्दै गरेका युवासँग सम्वाद गर्ने विषयलाई प्राथमिकतामा नै राखिएन, महत्व नै दिइएन । २३ भदौमा असन्तुष्टि पोख्न सडकमा आएका युवाहरूमाथि व्यापक दमन भयो जसबाट दर्जनौं निर्दोष युवाको अकारण ज्यान गयो ।

२४ भदौमा त्यसको प्रतिक्रिया स्वरूप देशभर हिंसात्मक र नेतृत्वविहिन प्रदर्शन भए, राज्यको उपस्थिति कही कतै देखिएन, सुरक्षा निकायहरू निष्प्रभावी बन्न पुगे, पूरा देश दन्दनी जल्न पुग्यो । आज हामी त्यो दिनको आगोको खरानीमा उभिएका छौं र अगाडिको बाटो स्पष्ट बनाउनु पर्ने अवस्थामा छौं । २३ गतेको दमन र हिंसा तथा २४ गतेको वितन्डा एवं विध्वंश दुवै अत्यन्त दर्दनाक थिए । ती दुई दिनमा जे नहुनु पर्ने थियो, त्यो भयो । जे हुनु पर्ने थियो भनेर जनताले सोचेका थिए, त्यो भएन । जे जे भए पनि ती दुई दिनमा भएका अतिवादको सिकार नेपाल र नेपाली नै भए, यी दुवै दिनलाई सम्झेर अब कहिल्यै त्यस्ता दुर्दिन आउन नदिने प्रण गर्नु प्रत्येक सचेत र राष्ट्रभक्त नेपालीको कर्तव्य हो ।

नेपाली इतिहासमा दर्ज भएका ती दुई दिनमा सहादत प्राप्त गर्ने सबै सहिदप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दछु र घाईतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । २४ भदौमा नेपाली कांग्रेसका श्रद्धेय सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा माथि भएको आक्रमणको भर्त्सना गर्दछु । जसले नागरिक अधिकार र स्वतन्त्रताका लागि जीवनभर लड्यो, आन्दोलनको आवरणमा उसैमाथि भएको भौतिक आक्रमणलाई स्वीकार्न सकिँदैन । त्यस्तै नेताका घर, व्यक्तिका सम्पत्ति, सार्वजनिक सम्पत्ति, शैक्षिक संस्था तथा व्यवसायिक प्रतिष्ठानमा भएका आक्रमणको भर्त्सना गर्न चाहन्छु । दुवै दिनका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याउन सकिएन भने दण्डहिनताले प्रश्रय पाउने छ र भविष्यमा यो

मुलुक बस्न लायक नै नरहने जोखिम बढ्दै जानेछ । नागरिक सुरक्षित हुन नसक्ने राज्य कानुनी राज्य हुन सक्दैन । यसको उचित व्यवस्थापनमा हाम्रो सुझबुझ पुगेन भने मुलुक अझ ठूलो दुर्घटनामा फस्नेछ । लोकतन्त्रमा पार्टीहरूले शासनसत्ता प्राविधिक बहुमतबाट मात्र चलाउन हुँदैन भन्ने तथ्यलाई आत्मसात् गर्दै दलहरू सच्चिएर सबैलाई समेटेर उन्नत लोकतान्त्रिक अभ्यास तर्फ मुलुकलाई हिँडाउन ढिला गर्नु हुँदैन ।

## जेन जी आन्दोलन पश्चातको नेपाल

२३ र २४ भदौमा युवा पुस्ताले गरेको ऐतिहासिक आन्दोलन पश्चात नेपालको राजनीतिक मात्र होइन, सामाजिक, आर्थिक आयाममा पनि निकै ठूलो परिवर्तन आएको छ । अब यो हिजोको नेपाल रहेन, यसमा आयामिक परिवर्तन देखा पर्दैछन् । भ्रष्टाचारको अन्त्य र सुशासन प्रवर्द्धनका लागि युवाहरूको आह्वानमा भएको प्रदर्शनले विद्रोहको रूप लियो जसमा देशभरका लाखौँ नेपालीको संलग्नता थियो । यो आन्दोलनबाट युवा पुस्ताले आफूहरूले देशको शासन व्यवस्थामा गहिरो अभिरूचि राखेको र विद्यमान विकृति सुधार्न प्रभावकारी हस्तक्षेप कायम राख्ने सन्देश प्रवाह गरेका छन् ।

विद्रोहका बीचबाट नै नेपाली युवाहरूले आफूहरू प्रजातान्त्रिक मूल्य पद्धतिप्रति प्रतिबद्ध रहेको र विधिको शासन प्रवर्द्धनमा सधै क्रियाशील रहने प्रतिवद्धता व्यक्त गरेका छन् । युवाहरूको आह्वानमा सुरू भएको विद्रोहमा समाजको सबै तह र तप्काको संलग्नता, सहयोग तथा समर्थन रहेको तथ्य स्वीकार्न ढिला गर्नु हुँदैन । त्यसैले यो पूरै नेपालीको विद्रोह हो, नेपालमा सुशासन र नेपालको विकासको चाहना राखिएर गरिएको आन्दोलन हो, यसलाई देशी विदेशी षडयन्त्र हो भनेर पन्छिने र चोखिने बाटो समात्नु श्रेयष्कर हुँदैन । बरू हामीले अब हाम्रा कमजोरी केलाएर समयमै त्यसको समीक्षा गर्दै सम्बोधन गर्नु उचित हुनेछ । यो विद्रोहलाई नेपाली कांग्रेसले आफूलाई सच्चिने मौका प्राप्त भएको ढंगबाट बुझ्नु जरूरी छ, यसले कांग्रेसलाई परिष्कृत गर्ने अवसर दिएको छ भन्ने भावना विकास गर्नुपर्छ । युवा विद्रोह पश्चात नेपालमा त्यस्तो विशेष परिवेश सिर्जना भएको छ, जसका विविध आयामलाई संक्षिप्तमा समीक्षा गरी यस विद्रोहले सिर्जना गरेका चुनौती र अवसरलाई समेत संक्षेपमा समेट्ने प्रयास गरेको छु ।

## लोकतान्त्रिक अभ्यासमा प्रश्न

लोकतन्त्रका नाममा गरिने आवधिक निर्वाचन र एउटै नेतृत्व बारम्बार दोहोरिने विषय प्राविधिक लोकतन्त्र मात्र हो, हामीले खोजेको लोकतन्त्र यो होइन । २३ र २४ भदौको विद्रोहले हामीले अभ्यास गर्दै आएको लोकतन्त्रमा गम्भीर प्रश्न सिर्जना गरिदिएको छ । नेपालले अभ्यास गरेको लोकतन्त्र नियन्त्रित वा सीमित (Controlled/Limited Democracy) थियो भन्ने आभाष हुन्छ । कतिपयले त नेपालको लोकतन्त्रलाई पार्टीतन्त्रसम्म भन्ने गर्दछन् । हाम्रो लोकतन्त्र Plutocracy जस्तो भयो समेत भन्न थालिएको छ ।

लोकतन्त्र त जीवन पद्धति हो, आपसी विश्वास र सद्भाव हो, भाइचारा र भातृत्वको अभ्यास हो, सहकार्य एवं समन्वयको आधार, समुन्नति र समृद्धिको पूर्वाधार हो, पारदर्शिता, मितव्ययिता तथा सुशासन यसका आधारभूत सर्त हुन, जनताप्रतिको जवाफदेहिता तथा राज्यप्रतिको योगदान लोकतन्त्रका मूल मन्त्र हुन । लोकतन्त्रले सबैलाई राज्यका निर्णय प्रक्रियामा सहभागी हुने, राज्यमा योगदान गर्ने, प्रतिफलको न्यायोचित वितरण हुने र आपसी बिमतिहरू शान्तिपूर्ण ढङ्गबाट समाधान हुने वातावरण प्रदान गर्दछ । कसैले पनि आफू छुटेको, हेपिएको तथा किनाराकृत भएको अनुभूति गर्दैन । योग्यता र क्षमताको कदर हुन्छ, कमजोरलाई राज्यको संरक्षण हुन्छ र सक्षमहरू बिच स्वस्थ प्रतिस्पर्धाको वातावरण बन्दछ । तर, हामीले नेपालमा यस्तो चरित्रको लोकतन्त्र विकास गर्न सकेनौँ वा चाहेनौँ । आवरणमा लोकतन्त्र भन्यौ तर हाम्रो लोकतन्त्र प्राविधिक मात्र भयो, जसको फल सीमित व्यक्ति, वर्ग र समुदायले बढी उपभोग गर्न पाए, किनाराकृतहरू सधैं किनारामा नै राखिए । मूलतः विधि व्यवस्थापनमा संस्थागत निष्पक्षता कायम हुन सकेन । परिणामस्वरूप हाम्रै परिवारका कतिपय सदस्यहरू विद्रोहमा उत्रिन पुगे । राज्यको जिम्मेवार उपस्थिति देखिएन, वातावरण हिंसात्मक बन्न पुग्यो । जनधनको ठूलो क्षति भयो । मुलुकमा पूर्ण लोकतन्त्र थियो भने यस्तो विद्रोह हुँदैनथ्यो । विद्रोह त हुन सक्ने थियो तर त्यो शान्तिपूर्ण हुने थियो । लोकतन्त्रमा जनतालाई गलत भन्नु हुँदैन, पाइँदैन । जनता जनार्दन हुन्, जनताबाट व्यक्त अभिमत लोकतन्त्रका पक्षधरले पालना गर्नै पर्दछ । त्रुटी जनतामा होइन हाम्रो अभ्यासमा, सोचाईमा र प्रणालीमा खोजिनु पर्दछ । २३ र २४ भदौको युवा विद्रोहले प्रष्ट पारेको छ, अब हामीले पूर्ण लोकतन्त्र अभ्यासमा ल्याउन अगाडि बढ्नु पर्छ । यसमा ढिलाइ गर्दा देशमा थप संकट देखा पर्दै जानेछ ।

## संसद विघटन

२०८२ साल २३ र २४ भदौको युवा विद्रोहको परिणामस्वरूप संसद विघटन भयो । २१ फागुनमा संघीय संसदको निर्वाचनको मिति तोकिएको छ । जेन जी उमेर समूहको विद्रोहका कारण मुलुकमा उत्पन्न विषम परिस्थितिमा संसद विघटन गरी नयाँ निर्वाचनको मिति तोकिएको हो । हाम्रो संविधानको व्यवस्था तथा सर्वोच्च अदालतको नजिर बमोजिम संसद विघटन गर्न मिल्ने देखिँदैन । तर, आवश्यकताको सिद्धान्त (Doctrine of Necessity) लाई आधार मान्दै सङ्घीय संसद विघटन र निर्वाचन मिति घोषणा भएको छ । यो विषम परिस्थितिमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले देखाउनु भएको लोकतान्त्रिक अभ्यास र परिपक्वताको सम्मान गर्न चाहन्छु ।

अहिलेको संसद विघटन नेपाली जनताले दशकौंको बलिदानीपूर्ण सङ्घर्षबाट गठित संविधान सभाले निर्माण गरेको संविधानको व्यवस्था भन्दा बाहिर भएकाले राष्ट्रिय सहमतिका आधारमा जतिसक्दो छिटो मुलुकको राजनीतिलाई मूलबाटोमा फर्काउन तथा संविधानको दायरामा ल्याउन नेपाली कांग्रेसले विशेष पहल लिनु आवश्यक छ । कानुनी राज्यमा संसद विघटनको संवैधानिक परीक्षण गरिने विषय त रहला नै तर आन्दोलन पश्चातको विगतको हाम्रो अनुभव, विश्वव्यापी अभ्यास र मुलुकको भूराजनीतिक संवेदनशीलतालाई विश्लेषण गर्दा आम निर्वाचन मार्फत नै जतिसक्दो छिटो मुलुकलाई लोकतन्त्र र संविधानको मूल बाटोमा ल्याउन उपयुक्त हुन्छ । इतिहासमा जस्तै देश गम्भीर मोडमा उभिएको छ, त्यसलाई सही मार्गमा डोऱ्याउने जिम्मेवारी नेपाली कांग्रेसको हो ।

## आन्दोलनपश्चात्को जनभावना

२३ र २४ भदौको विद्रोह पश्चात नेपाली जनतामा एक प्रकारको असुरक्षा, त्रास, अन्योल र अस्पष्टता सिर्जना भएको छ । तर, यावत् अप्ठ्यारा तथा संशयका बाबजुद नेपाली जनतामा आशाको संचार भएको पनि देख्न सकिन्छ । देशमा भ्रष्टाचार न्यूनिकरण हुने, जनताप्रति उत्तरदायी सरकार बन्ने, राजनीतिक दलहरू सच्चिएर जनता माझ आउने, देशमा आर्थिक सुधारका कामहरू हुने, रोजगारी सिर्जना हुने अपेक्षा बढेको छ । सबैभन्दा बढी आशा र संशय पनि राजनीतिक दलप्रति नै छ ।

राजनीतिक दल विनाको लोकतन्त्र पानी विनाको माछा जस्तै हो, त्यसैले लोकतन्त्रको सुदृढिकरण तथा जनउत्तरदायी शासनको लागि दलीय व्यवस्था अत्यावश्यक छ । तर

दलहरूको विगत हेर्दा जनअपेक्षा अनुसार चल्न नसकेकाले जनतामा राजनीतिक दल सच्चिनेमा संशय भने यथावत् नै छ । लोकतन्त्रमा दलको विकल्प दल नै हुन्छ । तर, मूल राजनीतिक दलहरू प्रतिको अविश्वासले नै वैकल्पिक राजनीतिक शक्तिको खोजी भएको जस्तो पनि देखिन्छ ।

नेपालको राजनीतिक इतिहासमा युवा पुस्ताले ३५ घन्टामा नै उलटपुलट ल्याउन सकिने तथ्य स्थापित गरिदिएका छन् । साथ साथै यो विद्रोहले दिएको जनादेशको कार्यान्वयन कसरी गर्ने, गराउने भन्नेमा द्विविधा तथा अस्पष्टता रहेकाले युवाहरूमा एक प्रकारको छटपटी समेत देखिन पुगेको छ । तत्काल केही पीडा भएता पनि समग्रमा यो विद्रोहले मुलुकलाई सही दिशामा लानेछ भन्नेमा नै आम मानिस विश्वस्त देखिन्छन् ।

## आर्थिक प्रभाव

२३ र २४ भदौको युवा विद्रोहले राजनीतिक पछि सबैभन्दा प्रभाव पारेको क्षेत्र हो- नेपाली अर्थतन्त्र । वामे सर्दै अगाडि बढिरहेको नेपाली अर्थतन्त्रमा यसको असर अहिले जति देखिएको छ, त्यसका अवयव र प्रभावहरू आगामि केही वर्षसम्म थप देखिँदै जानेछ । त्यसै पनि आसेपासे पुँजीवाद (Crony Capitalism) मा अल्झिएको नेपाललाई यो घटनाले ठूलो आहात पुगेको छ । राष्ट्रिय अर्थतन्त्रलाई पार्ने प्रभाव एकातिर छ, अर्कोतिर व्यक्तिगत सम्पत्ति तथा व्यवसायिक प्रतिष्ठानमा समेत विध्वंशात्मक आक्रमण भएकाले व्यापारी, उद्योगी तथा त्यस्ता प्रतिष्ठानहरूमा भयंकर त्रास सिर्जना भएको छ । आन्दोलनको अवारणमा यस्तै प्रकारका घटना भविष्यमा पनि दोहरिने सक्छन् भन्ने भाष्य बलियो बन्दै गएको छ, नीजि क्षेत्र नराम्रोसँग तर्सिएको छ । यस्तै दण्डहिनता बढ्दै गयो भने नेपाली अर्थतन्त्रले फड्को मार्ने अवस्था आउन वर्षौ कुर्नुपर्ने हुन्छ । नीजि क्षेत्रमा देखिएको यो त्रासबीच नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (FDI) बढ्ने सम्भावना कम हुँदै जान्छ । यसले नेपालको अर्थतन्त्रलाई थप कमजोर बनाउँदै लैजाने निश्चित छ । नेपालमा नीजि सम्पत्ति तथा व्यवसायिक प्रतिष्ठानका आर्थिक एकाईमा भएका आक्रमणको सन्देश विश्वभर फैलँदा लगानीकर्ताले नेपाललाई नकारात्मक सूचिमा राख्ने प्रवल सम्भावना छ । विशेष सुरक्षाको प्रबन्ध मिलाएर लगानीको भौतिक सुरक्षा सुनिश्चित नगर्ने हो भने निजी क्षेत्रको लगानी आगामी दिनमा घट्ने निश्चित छ । लगानी, उत्पादन तथा रोजगारीको वातावरण बन्न केही समय लाग्ने देखिन्छ, नीजि लगानी र व्यक्तिको सम्पत्ति सुरक्षित नदेखिनु निकै जोखिमपूर्ण विषय हो । आगामी दिनमा नीजि लगानी र नीजि सम्पत्ति अहरणीय र पूर्ण सुरक्षित बनाइनु पर्दछ । विश्वमा

नेपाल सामरिक महत्वको भूमि भएकाले पनि सन्तुलित आर्थिक कुटनीतिका माध्यमबाट बाह्य लगानी आकर्षित गरिनु पर्दछ । सन्तुलित र परिपक्व आर्थिक कुटनीतिले मात्र मुलुकको विकासमा योगदान गर्न सक्नेछ । नेपाली कांग्रेसले बनाएको आर्थिक नीतिलाई राष्ट्रिय आर्थिक नीति बनाएर अगाडि बढ्ने वातावरण बनाउनु कांग्रेसको कर्तव्य हो, यसका लागि उदार अर्थनीतिको हिमायती नेपाली कांग्रेसले विशेष भूमिका निर्वाह गर्नु पर्दछ ।

## अन्तर्राष्ट्रिय बुझाई तथा चुनौति

आजको विश्व परिवेशमा मुलुकहरू एकअर्कासँग आर्थिक रूपमा अन्तरसम्बन्धित नभई रहन सक्ने अवस्था छैन । अन्य मुलुक जस्तै विश्व राजनीतिक, सामाजिक, आर्थिक परिवेशको असरबाट नेपाल पनि मुक्त हुनसक्दैन । नेपाल विशिष्ट भू-राजनीतिक अवस्थितिमा रहेको छ, विश्व शक्ति बन्न प्रतिस्पर्धामा रहेका दुई ठूला मुलुकसँग जोडिएका कारण पनि यसको राजनीतिक गतिविधि तथा सुरक्षाका विषयमा छिमेकीको चासो हुनु स्वभाविक हो । त्यसै गरी पश्चिमाहरूको आफ्नै खालको चासो नेपालप्रति विगतदेखि नै रहँदै आएको छ । यसको अर्थ विश्वका विभिन्न मुलुकले त्यसमा पनि छिमेक र पश्चिमाहरूले निकै चासोका साथ नेपाललाई हेरेका छन् । अरब मुलुकको बसन्त विद्रोह (Arab Spring Revolution) देखेको विश्वको लागि नेपालको युवा विद्रोहको अन्तिम परिणति के हुने हो भन्नेमा चासो रहनु स्वभाविकै हो । आन्दोलनको अवतरण निकै सकसपूर्ण हुने गर्दछ, त्यसमा नेपालको अनुभव खासै सुखद छैन । यस पटक नेपालले युवा विद्रोहको व्यवस्थापन कसरी गर्दछ बाँकी विश्वले निकै उत्सुकताका साथ हेरेको छ ।

अहिलेको परिवर्तन युवाहरूले आरम्भ गरेको भए तापनि उनीहरूले उठाएको विषय तथा परिवर्तनको मागसँग विद्रोहको प्रकृतिमा तालमेल नदेखिँदा कहिँकतै नेपालमा युवाहरूको विद्रोहलाई अरू कसैले आफ्नो अनुकूलमा उपयोग गर्न त खोजेन भन्ने आशंका गर्ने ठाउँ सिर्जना भएको छ । यस्तो आशंकाले कतिपय नकारात्मक अड्कलबाजीहरू समेत हुने गरेको पाईन्छ । यसमा बाह्य शक्ति समेत खेल्न खोजेको आक्षेप पनि लगाउनेको सङ्ख्या कम छैन । तर हामीले अन्य वहकाबमा नलागी यो आन्दोलन नेपाली युवाहरूको आह्वान, अगुवाई र व्यापक सहभागितामा सम्पन्न भएको हो भन्ने विषय बिर्सनु हुँदैन । युवाहरू आफैमा सक्षम, देशभक्त, लोकतन्त्रप्रेमी र दूरदृष्टि भएका छन् भन्ने यथार्थतालाई आत्मसात् गर्नु पर्दछ र अन्य स्वार्थी तत्वले यो तरल अवस्थाको गलत फाईदा नउठाओस् भन्नका लागि पर्याप्त सतर्कता अपनाउनु पर्दछ ।

यो विद्रोह पश्चात नेपाल नजानिँदो गरी भू-राजनीतिक द्वन्द्वको चपेटामा फस्न सक्छ । संक्रमणकाल लम्बिदै जाँदा मुलुकमा बहुपक्षीय द्वन्द्वले स्थान बनाउने खतरा प्रष्ट देखिएको छ । देशका सबै शक्तिले एकतावद्ध भएर सुझवुझका साथ काम गर्न नसक्ने हो भने भविष्यमा नेपालको भौगोलिक अखण्डता र सार्वभौमसत्ता माथि समेत जोखिम बढ्न सक्छ । आम नागरिकको असन्तुष्टी सम्बोधन गर्न पर्याप्त काम हुन नसक्दा र युवाहरूलाई विश्वासमा लिन नसक्दा सरकारविरूद्ध अभिव्यक्त जनमतले देशमा ठूलो विनास निम्त्याउन पुग्यो । विद्रोहमा प्राण आहुति दिनेको सङ्ख्या अकल्पनिय रह्यो भने यस अवधिमा भएका हिंसा तोडफोड र आगजनीले नेपाललाई अपुरणीय क्षति हुन पुग्यो ।

यस पृष्ठभूमिमा नेपाललाई भू-राजनीतिक द्वन्द्वको चपेटामा पर्न नदिने, देशको भौगोलिक अखण्डता र सार्वभौमसत्तालाई अक्षुण राख्ने, प्रजातान्त्रिक प्रणालीमा मुलुकलाई फर्काउने, राजनीतिक दलहरूलाई जनभावना अनुसार पुनर्गठन गर्ने, राज्य सत्तामा युवाहरूको संलग्नता बढाउने तथा उनीहरूको भावना अनुसारको शासन प्रणाली अवलम्बन गर्ने, निजी सम्पत्ति, व्यवसाय तथा निजी स्वतन्त्रता हनन् हुँदैन भन्ने अवस्थाको सुनिश्चितता गर्ने, सुरक्षा फौजको पुर्नसंरचना गरी मनोबल बढाउने, स्थायी शान्ति र स्थिरता कायम गर्ने जस्ता चुनौति मुलुकमा सिर्जना भएका छन् ।

## अवसर

देशको शासन प्रणाली प्राविधिक दृष्टिबाट मात्र प्रजातान्त्रिक भएर हुँदैन नेपाली जनता र विशेष गरी युवाहरू वास्तविक स्वरूपको लोकतन्त्र चाहन्छन, यसका लागि सरकार देश र जनताप्रति पूर्ण जवाफदेही हुनु पर्दछ, नेपाली युवाहरू प्रतिगमन प्रति सचेत छन् र देशलाई पछाडि फर्काउन होइन द्रुत गतिमा अगाडि बढाउन चाहन्छन्, राजनीतिक दलका क्रियाकलाप, नीति र नेतृत्वमा व्यापक परिवर्तनको लागि दवाब सिर्जना भएको छ । यो विद्रोहले लोकतन्त्रको संवाहक राजनीतिक दललाई थप लोकतान्त्रिक र देश तथा जनताप्रति जवाफदेही हुन सचेत गराएको छ, देश सबै पुस्ताको हो र देश नयाँको जोश र जाँगर तथा पुरानाको परिपक्वता र दूरदृष्टिको संयोजनमा चल्नु पर्दछ भन्ने सन्देश दिई सबैको सम्मानजनक तथा अर्थपूर्ण सहभागिताको वातावरण बनाएको छ । लोकतन्त्र अर्थात सुदृढ लोकतन्त्र तर्फ मुलुकलाई लैजानका लागि युवाहरूबाट जबरजस्त दवाब सिर्जना भएको छ । उत्तरदायी शासन प्रणाली, भ्रष्टाचारमुक्त समाज र

सुशासनयुक्त राज्य व्यवस्थालाई युवाहरूले शान्ति र समृद्धिका लागि आधार सर्त मानेका छन् । समग्रमा पछिल्लो युवा विद्रोहले देशमा नयाँ अवसर सिर्जना गरेको छ ।

## ३. युवा विद्रोहले नेपाली कांग्रेसलाई देखाएको बाटो

नेपाली कांग्रेस जिम्मेवार, परिपक्व र नागरिकलाई अधिकार सम्पन्न बनाई मुलुकमा उन्नत प्रजातान्त्रिक अभ्यास फलिभूत पार्न क्रियाशील रहँदै आएको सबैभन्दा ठूलो पार्टी हो । यसैको सिद्धान्त र आदर्शले उपलब्ध गराएको खुला समाजको जगमा **'जेन जी'** विद्रोह हुन पुगेको छ । नयाँ पुस्ताको यो विद्रोहले नेपाली कांग्रेस जनताबाट टाढिँदै गएको जनाउ दिएको छ । यो विद्रोहले नेपाली कांग्रेसलाई देश, जनता तथा युवाप्रति थप उत्तरदायी तथा संवेदनशील हुन झक्झक्याएको र सचेत गराएको छ । लोकतन्त्र प्राविधिक विषय मात्र होईन, यो आदर्श हो, जीवन पद्धति हो, यसमा जनताको भावना केन्द्रविन्दुमा रहनु पर्दछ । पार्टी सार्वजनिक निकाय हो, त्यसैले हामी पार्टीभित्रको अल्पमत र बहुमतको विषयलाई मात्र आधार मानेर हिँड्नु हुँदैन । पार्टीभित्रको बहुमत कतिपय अवस्थामा प्राविधिक विषय मात्र बन्न पुग्दछ । देश र जनताबाट पुरै टाढा रहेका तर केन्द्रीय प्राधिकार केही व्यक्तिमा सीमित भएका पार्टीहरू नेपालमा धेरै छन् जसबाट हामीले पाठ सिक्नु पर्दछ की पार्टीभित्रको अंकगणितको हिसाबले मात्र पार्टी पार्टीको रूपमा रही रहन सक्दैनन् । मुलुकमा लोकतन्त्र स्थापनाका लागि दशकौँ सङ्घर्ष गरेको पार्टी नेपाली कांग्रेसलाई सच्चिन यो विद्रोहले आह्वान गरेको छ । विगतमा नेपाली कांग्रेसले गरेको योगदान नै बिर्साउने गरी हामीले सत्तामा बसेर त्रुटिहरू गरेको महसुस जनताले गरेको देखियो । नीति, संरचना र सुशासनका सबालमा नेपाली कांग्रेसले युवाहरू प्रति वेवास्ता गरेको महसुस भएर युवा विद्रोह हुन पुग्यो ।

**'जेन जी'** विद्रोह लोकतन्त्रमा अभ्यस्त भएका युवाहरूको विद्रोह हो । लोकतन्त्रको जगेर्ना गर्ने उद्देश्यका साथ स्थापित नेपाली कांग्रेसले यसको उचित व्यवस्थापन गर्नु पर्छ । लोकतन्त्रको एक धरोहर निर्वाचनमा जाँदा अब नेपाली कांग्रेसले युवा पुस्ताको भावना, कामना र चाहनालाई पनि सम्बोधन गर्दै जाने प्रढ गर्नुपर्छ । यसको लागि २३ र २४ भदौमा लाखौँ युवाहरूबाट सडकमा अभिव्यक्त भएको **'जनादेश'** लाई विना संकोच नेपाली कांग्रेसको सुधारका लागि उपयोग गरिनु पर्दछ । नेपाली कांग्रेसले आफूलाई नागरिक र देशबाट अलग राख्न सक्दैन । यो जिम्मेवार पार्टी हो र यसको आत्मा नै लोकतन्त्र हो । यस्तो पृष्ठभूमिमा पार्टीको रूपान्तरणका लागि तत्काल ताजा जनादेश

सहितको नेतृत्व निर्माण र नेतृत्वको पुस्तान्तरण नेपाली कांग्रेसको प्रमुख कार्यभार बन्न पुगेको छ ।

माथिका सबै तथ्यहरूलाई आधार मान्दै नेपाली कांग्रेसका सम्पूर्ण नेता, कार्यकर्ता, शुभचिन्तक तथा आम लोकतन्त्रप्रेमी दाजुभाइ दिदीबहिनीहरूमा नेपाली कांग्रेसको सुधारका लागि एकजुट हुन आव्हान गर्दछु । यस कठिन घडिमा पुरानो पुस्ता, जसले जीवन भरको सङ्घर्षबाट प्रजातान्त्रिक शासन प्रणाली दिएको छ, जो सँग त्याग, परिपक्वता र अनुभव छ । नयाँ पुस्ता, जसमा थप रूपान्तरणको प्रष्ट मार्गचित्र, उर्जा, आशा र योगदानको प्रतिवद्धता छ । सबै मिलेर पार्टीलाई एकजुट बनाउनु आवश्यक छ । परिष्कृत, समय सापेक्ष पार्टी नेतृत्व र नेपाली कांग्रेसको रूपान्तरण आजको प्रमुख जनादेश हो । त्यसको कार्यान्वयनका लागि पुरानो र नयाँ पुस्ता एकै ठाउँमा बसेर निकास निकाल्नु आवश्यक छ । सबैको योगदानको कदर गर्दै, सबैलाई उचित भूमिका दिँदै नयाँ पुस्तामा नेतृत्व हस्तान्तरणको स्वभाविक प्रकृयालाई कार्यान्वयनमा ल्याउन ढिला गर्न हुँदैन । हामी विभाजित भयौँ, एकले अर्कालाई कमजोर बनाउन शक्ति खर्च गर्यौ र मुलुकको आवश्यकता तथा जनभावना बमोजिम पार्टीमा रूपान्तरण गरेनौँ भने नेपाली कांग्रेसमा तीव्र क्षयीकरण सुरू भई भविष्यमा उठ्नै नसक्ने अवस्था आउन सक्छ । त्यसैले यस कठिन परिस्थितिमा समयमै उचित निर्णय लिन विगतमा जस्तै नेपाली कांग्रेसको नेतृत्व सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

## ४. परिवर्तित सन्दर्भमा नेपाली कांग्रेसको भूमिका

नेपालको राजनीति अहिले अत्यन्त दुरूह अवस्थामा रहेको छ । आम नागरिकमा बढ्दो निराशा, राष्ट्रिय संस्थाहरूको खस्कँदो ओज, नेतृत्वमा देखिएको अर्कमन्यता, देशको कमजोर आर्थिक अवस्था, आपसी अविश्वासले अन्यौलता व्याप्त भएको छ । नेपालको भूराजनीतिक अवस्थिति र अहिलेको विश्वको बदलिँदो शक्ति सङ्घर्ष तथा बदलिँदो विश्व व्यवस्थाले गर्दा मुलुक निकै संवेदनशील अवस्थामा छ । २३ र २४ भदौमा युवा विद्रोहले देखाएको बाटोमा मुलुकलाई डोर्‍याउन नेपाली कांग्रेसले विशेष प्रयत्न गर्नु अत्यावश्यक छ । मुलुक अत्यन्त तरल अवस्थामा छ, नागरिक त्रासमा छन्, लोकतन्त्र कोमामा छ, अतिवादी र प्रियतावादीहरू मौकाको फाइदा उठाउन क्रियाशिल छन्, बाह्य शक्तिले आफ्नो प्रभाव विस्तार गर्न खोज्दै छ, निजी क्षेत्र यहाँ लगानी गर्न हुँदैन भन्ने धारणा बनाउँदै छ, युवाहरू देश बस्न लायक छैन भन्दैछन् । यस्तो अवस्थामा मुलुकलाई ठिक बाटोमा ल्याउने, लोकतन्त्रको पुनःस्थापना गर्ने, देशमा शान्ति सुरक्षा र अमनचयन

कायम गर्ने, कानुनको शासन स्थापना गर्ने जस्ता अहम् जिम्मेवारी नेपाली कांग्रेसको नेतृत्वमा मात्र सम्भव छ । जरूरी परेमा विगतमा जस्तै यो संकट समाधानका लागि राष्ट्रिय नेतृत्व नेपाली कांग्रेसले लिनु पर्दछ ।

नेपाली कांग्रेस बलियो नहुँदासम्म मुलुकले सही बाटो समात्न सक्दैन र जनताको अधिकारको रक्षा पनि हुन सक्दैन । नेपाली कांग्रेस बलियो बन्न पार्टीमा नीति र पुस्तान्तरण सहितको नेतृत्व परिवर्तन आवश्यक छ । यसका लागि मैले नीतिगत सुधार र नेतृत्व परिवर्तनसँग सम्बन्धित केही मुख्य विषयहरू सङ्क्षिप्तमा प्रस्ताव गर्न चाहन्छु ।

## (क) नीतिगत सुधारका पक्ष

पुरानो पुस्ताले उचालेको लोकतान्त्रिक सङ्घर्षको ज्योति र भर्खर बालिग भएको नयाँ पुस्ताको चाहना एवं भावनाको बीचमा सम्पर्क सेतुको रूपमा रहेर नेपाली कांग्रेसको गुम्दै गरेको साख जोगाउन, कांग्रेसलाई जनतासँग जोड्न र यसको विश्वास फिर्ता ल्याउन तथा मुलुक निर्माणको अभियान अगाडि बढाउँदै नेपाललाई असफल राष्ट्र हुनबाट बचाउन आम नेपाली नागरिक तथा नेपाली कांग्रेसका कार्यकर्ता तथा शुभेच्छुकमा पार्टीले लिनुपर्ने नीतिका सम्बन्धमा आफ्ना केही धारणाहरू राख्न चाहन्छु।

## भ्रष्टाचार नियन्त्रण र नेपाली कांग्रेसको भूमिका

मलुक अहिले भ्रष्टाचारले थिलोथिलो छ । यसैका कारण सशक्त ढङ्गबाट विकास निर्माण अघि बढ्न सकेको छैन । राज्यका धेरै निकायमा व्यापक भ्रष्टाचार भएका दृष्टान्तहरू छन्, यसले गर्दा हामीले गरेका कतिपय उल्लेख्य कामहरूसमेत ओझेलमा परेका छन् । नागरिकलाई सुशासनको अनुभूति पर्याप्त मात्रामा गराउन सकिएको छैन । भ्रष्टाचारले हामीले दशकौँ सङ्घर्ष गरेर स्थापित गरेको लोकतान्त्रिक प्रणाली नै ध्वस्त हुने जोखिम बढेर गएको छ । अन्तर्राष्ट्रिय विश्वास र मर्यादा समेत खस्कँदै गएको छ । नेतृत्वमा यो कटुसत्यलाई आत्मसात गर्ने र यसको संवेदनशिलता बुझ्ने तत्परता देखिदैन ।

नागरिकमा व्याप्त निराशाले मुलुक थेग्न नसक्ने भूमरीमा फस्दै गएको अनुभूत हुन्छ । नागरिकको निराशा जेन जीको अगुवाईमा विष्फोट हुँदा मुलुकमा के कस्ता घटना घटन पुगे हामी सबैलाई अवगत नै छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचार

निवारणको मुख्य जिम्मेवारी दिईयो । अख्तियारलाई मुलुकको कार्यकारीको प्रभावभन्दा बाहिर राख्नका लागि संवैधानिक निकायको रूपमा विकास गरियो, आयुक्तहरूको नियुक्तिका लागि विशेष योग्यता र प्रक्रिया निर्धारण गरियो । भ्रष्टाचार निवारण ऐन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना कांग्रेसले निकै सोच विचारको तथा ठूलो अपेक्षाका साथ गरेको थियो । तर आयोग प्रभावकारी हुन नसकेको गुनासो बढ्दै गयो, आम नागरिकमा आयोगप्रतिको विश्वसनीयता पनि खस्कँदै गयो । यस्तो अवस्थामा भ्रष्टचार न्यूनीकरण गर्न विशेष संयन्त्र, विशेष कानुन तथा अभ्यासको आवश्यकता महसुस भएको छ । भ्रष्टाचारले मुलुक र लोकतन्त्र दुवैलाई कमजोर बनाउँदै लगेको छ । यस्तै अवस्था रहेमा हामी अझै ठूलो संकटमा फस्नेछौं त्यसैले एक जिम्मेवार पार्टीको हिसाबले नेपाली कांग्रेसले भ्रष्टाचार नियन्त्रणका लागि विशेष प्रयास थाल्नु पर्दछ ।

नेपाली काग्रेसले पार्टी पङ्तिलाई मितव्ययिता, सुशासन, नैतिकता तथा भ्रष्टाचार विरोधी प्रशिक्षण तथा तालिमहरू प्रदान गर्ने । पार्टीका नेतादेखि सदस्यसम्मलाई सदाचारी तथा नैतिकवान जीवनशैली बिताउन अभिप्रेरित गर्ने । भ्रष्टाचार विरोधी तथा सदाचारिता सम्बन्धी आचारसंहिता बनाई लागु गर्ने । पार्टीका सदस्य, कार्यकर्ता तथा नेतालाई अर्थोपार्जन गरी आत्मनिर्भर हुनका लागि अभिप्रेरित गर्ने । व्यवसाय प्रवर्द्धनमा मद्धत गर्नु पार्टीको दायित्व हुनेछ । आत्मनिर्भर व्यक्तिलाई पार्टीमा आउन प्रोत्साहित गर्ने नीति लिनु पर्दछ । पार्टी राजनीति सेवाको लागि हो र यो पेसा होइन भन्ने तथ्यका बारेमा पार्टी प्रवेश गर्दादेखि नै जानकारी गराउन सान्दर्भिक हुनेछ ।

भ्रष्टाचार व्यक्तिगत जवाफदेहिताको विषय हो यसमा संलग्न हुने व्यक्ति नै भ्रष्टाचारका लागि पूर्ण रूपमा जिम्मेवार हुनु पर्दछ । सिङ्गो पार्टीले कुनै नेता तथा कार्यकर्ताको भ्रष्टाचारजन्य कसुरको जिम्मेवारी लिँदैन र लिनु पनि हुँदैन । कुनै व्यक्तिलाई अभियोग लागेमा सम्बद्ध निकायले छानबिन गर्न सहज होस् भन्नका लागि पार्टी जिम्मेवारीबाट निजले राजिनामा दिने वा पार्टीले निजलाई जिम्मेवारीबाट मुक्त गर्ने परम्परा बसाल्नु पर्दछ । पार्टीले भ्रष्टाचारजन्य कसुरको छानबिन तथा अभियोजनमा कुनै हस्तक्षेप नगर्ने पुरै सहयोग गर्ने नीति लिनु पर्दछ । नेपाली कांग्रेसले विगतमा पनि संस्थागत रूपमा कहि कतै भ्रष्टाचारजन्य कार्यमा सहयोग पुऱ्याएको छैन र कसैलाई भ्रष्टाचारको लागि प्रोत्साहन तथा संरक्षण पनि गर्ने छैन भन्ने तथ्य सार्वजनिक गर्नेछ । पार्टीले भ्रष्टाचारमा शुन्य सहनशीलता (Zero Tolerance to Corruption) को नीति लिनेछ । भ्रष्टाचार

नियन्त्रण सम्बन्धी कानुनलाई थप प्रभावकारी बनाउने तथा भ्रष्टाचार नियन्त्रणमा क्रियाशील निकायलाई थप सक्षम तथा नतिजामूखी बनाउने तर्फ विशेष ध्यान दिनेछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत भ्रष्टाचारको छानबिन तथा अभियोजन गर्ने निकायमा राजनीतिक प्रभाव पर्न नदिनका लागि पार्टीले विशेष पहल कदमी लिनेछ । भ्रष्टाचार अन्त्य गर्न मद्धत पुग्ने केही प्रभावकारी कदम चाल्न म पार्टीमा विशेष अनुरोध गर्दछु ।

(क) नेपालमा पछिल्लो समय भएका भनिएका सबै ठूला भ्रष्टाचारको सत्य तथ्य छानबिन गर्ने प्रतिवद्धता व्यक्त गरौं । आग्रह पूर्वाग्रहबाट माथि उठेको विशुद्ध व्यवसायिक छानबिन गरौं । कानुन नै बनाएर भ्रष्टाचार छानबिनका लागि एक शक्तिशाली आयोग गठन गरी २०४६ को राजनीतिक परिवर्तन पश्चात उच्च पदस्थ अधिकारी र दलका मुख्य नेताहरूको सम्पत्ति छानबिन गरौँ । कानुन बमोजिम कारबाही गरौँ । अवैध देखिएको सम्पत्ति राष्ट्रिय ढुकुटीमा ल्याऔँ ।

(ख) सार्वजनिक पदमा बसेको व्यक्तिले पदमा बस्दा र त्यसपछिका १० वर्षसम्म प्रत्येक वर्ष उसले आफ्नो सम्पत्तिको आधिकारिक विवरण राज्यलाई नियमित रूपमा बुझाउनुपर्ने व्यवस्था गरौं ।

(ग) भ्रष्टाचार कानुनी विषय मात्र नभई यो नैतिक विषय पनि हो । समाजमा नैतिक मूल्यहरू स्खलीत हुँदै गर्दा नेपाली समाज नै भ्रष्टाचारउन्मुख छ । अस्वभाविक जीवन शैलीलाई प्रोत्साहित गर्ने तथा आलिशान जीवन बिताउनेलाई मान सम्मान उच्च दिने परिपाटी विकास भएको छ । यसमा पनि क्रमशः सुधार ल्याउन जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ । नैतिक शिक्षा र कानुनी कारबाहीलाई सँगसँगै लैजाऔँ ।

(घ) नेपाली कांग्रेसले भ्रष्टाचार विरूद्धमा तथा सदाचारका पक्षमा पार्टीमा सुद्धीकरणको अभियानलाई निरन्तरता दिने । पार्टीले भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति लिने । पार्टीका प्रत्येक सदस्यले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने ।

(ङ) भ्रष्टाचार व्यक्तिगत जवाफदेहिताको विषय हो यसमा पार्टीले कुनै पनि सहयोग उपलब्ध गराउनु हुँदैन । भ्रष्टाचारका बारेमा हुने हरेक छानबिनमा पार्टीले पूर्ण सहयोग उपलब्ध गराउने । पार्टीका नेता तथा कार्यकर्तालाई अभियोग लागेमा अभियोग नटुङ्गिदासम्म वा सफाइ नपाउँदासम्म निजलाई पार्टीको जिम्मेवारीबाट राजिनामा दिन

लगाउने वा निलम्बन गर्ने परिपाटी विकास गर्ने । अर्थात् पार्टीले कुनै पनि अर्थमा भ्रष्टाचारीको मतियार नबन्ने अवस्था निर्माण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

(च) मुलुकका नगद कारोबारलाई कम गर्दै लैजाने र सबै कारोबार विद्युतीय माध्यमबाट गर्ने गरी Digital Transaction को प्रयोग बढाउँदै लैजाने हो भने भ्रष्टाचार नियन्त्रणमा सहजता आउने हुदा त्यस तर्फ विशेष ध्यान दिनु आवश्यक छ ।

## राज्य पुनर्संरचना तथा शासकीय स्वरूपमा परिमार्जन

विद्यमान सङ्घीय संसदको सङ्ख्या घटाएर २०१ मा झार्ने र प्रत्यक्ष निर्वाचनका माध्यमबाट समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रबन्ध मिलाउने । मन्त्रिपरिषद्को आकार १५ भन्दा बढि नहुने व्यवस्था गर्ने । राष्ट्रिय सभालाई ३० सदस्यीय बनाउने । प्रदेशमा हाल कायम प्रदेश सभाको सङ्ख्यालाई प्रत्यक्ष निर्वाचित सदस्य सङ्ख्यामा झार्ने र प्रदेशमा बढीमा ५ जनाको मन्त्रिपरिषद् रहने व्यवस्था मिलाउने । स्थानीय तहको पुर्नसंरचना गरी जम्मा ४०० कायम गर्ने । स्थानीय तहमा उपमेयर तथा उपाध्यक्ष रहने व्यवस्था हटाउन सम्भाव्यता अध्ययान गर्ने । तर हाल मेयर उपमेयर तथा अध्यक्ष उपाध्यक्ष मध्ये कम्तीमा एक जना महिला हुनुपर्ने व्यवस्थाले महिला सहभागिता बढाएको सन्दर्भमा प्रत्येक पार्टीले स्थानीय तहमा उम्मेदवारी दिंदा कम्तीमा आधा उम्मेदवार महिला हुने व्यवस्था कार्यान्वयनमा ल्याई प्रतिनिधित्वमा लैङ्गिक समानता कायम गर्ने । जिल्ला समन्वय समिति खारेज गर्ने ।

शासकीय स्वरुपका विषयमा हाल प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस आरम्भ भएको छ । **जेनजी** पुस्ताको आन्दोलनका क्रममा पनि प्रत्यक्ष कार्यकारीको विषय उठेको छ । अहिलेको शासकीय स्वरुपमा भएका कमजोरीले सरकार अत्यन्त अस्थिर भयो, सुशासन कायम हुन सकेन, भ्रष्टाचार रोकिन सकेन भन्ने विश्लेषण भएको छ । यसलाई गम्भिरताका साथ लिई छलफल गरिनु पर्दछ । एकातिर नेपाल जस्तो भू-राजनीतिक अवस्थामा भएको मुलुकमा प्रत्यक्ष कार्यकारी प्रमुख रहँदा मुलुकको सार्वभौमसत्ता नै खतरामा पर्न सक्छ भन्ने विश्लेषण विज्ञहरूबाट हुँदै आएको छ । अर्कोतिर संसदबाट छानिएको प्रधानमन्त्री निकै कमजोर भए र जनताप्रति खासै उत्तरदायी हुन नसक्दा जुन गतिका साथ काम हुनुपर्ने हो सो हुन सकेन भन्ने आम बुझाई छ । यस्तो अवस्थामा मुलुकको भौगोलिक अखण्डता तथा सार्वभौमसत्तामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी सरकारले स्थिरता पाई जनताको हितमा प्रभावकारी रुपमा काम गर्न सक्ने वातावरण

बनाउन **'नेपाल सुहाउँदो'** एक विशेष मोडेलमा हामीले छलफल गर्नु पर्दछ । यसबारेमा स्पष्ट दृष्टिकोण नबनाई अगाडि बढन सक्ने अवस्था छैन ।

अहिलेकै जस्तो कमजोर कार्यकारी प्रमुखबाट मुलुकको रूपान्तरणमा समस्या देखिएको तथ्यलाई भने स्वीकार गरिनु पर्दछ । त्यसैले प्रधानमन्त्रीलाई बलियो तर देश र जनताप्रति उत्तरदायी बनाउनका लागि विभिन्न विकल्पमा छलफल गर्न सकिन्छ । जस्तै हाम्रो निर्वाचन प्रणालीमा परिमार्जन गरी कुनै एक दलको बहुमत आउन सहज हुने अवस्था सिर्जना गर्ने । प्रत्येक दलले चुनावमा जानु भन्दा अगाडि नै आफुले प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गर्नुपर्ने व्यवस्था लागु गर्ने । सांसदहरू वा विज्ञहरू जसलाई पनि प्रधानमन्त्रीले मन्त्री बनाउन सक्ने गरी कानुन बनाउने । प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव ल्याउन निश्चित आधार र कारणहरू हुनुपर्ने । भईरहेको प्रधानमन्त्रीमाथि अविश्वासको प्रस्ताव ल्याउँदा नयाँ बन्ने प्रधानमन्त्रीको प्रस्ताव र त्यसमा बहुमत पुग्ने आधार समेत सँगसँगै प्रस्तुत हुनुपर्ने । यी वा यस्तै विकल्पहरूमा छलफल गरी निचोडमा पुग्नु पर्दछ । मुलुकको शासकीय स्वरूप, निर्वाचन प्रणाली तथा विगतदेखि उठ्दै आएका पेचिला मुद्धा र भाद्र २३ र २४ गते जेनजी आन्दोलनका क्रममा उठेका विषयको सम्बोधन गर्न जनमत सङ्ग्रह आवश्यक भएमा त्यस तर्फ पनि नेपाली कांग्रेसले नेतृत्व लिएर छलफल चलाउनु उपयुक्त हुन्छ ।

## सुशासन प्रवर्द्धन तथा शासकीय क्षमतामा सुधार

मुलुकमा सुशासन कमजोर छ । सार्वजनिक निकायमा सेवाग्राहीले सजिलै सेवा पाउन सकेको अवस्था छैन । विकासका पूर्वाधार थपिदै गए तापनि तिनको उपयोगबाट जनताको निराशालाई किन कम गर्न सकिएन भन्ने अहं प्रश्न छ । विकास निर्माण तथा शासन सञ्चालनमा भएका कमजोरीको जवाफ जनतालाई लिखित रूपमा दिइनु पर्दछ । विकास निर्माणका काम पनि समयमा सकिंदैनन् । तीन तहको सरकारले सेवा प्रवाहमा प्रभावकारिता ल्याउनेछन् भन्ने विश्वास थियो तर अपेक्षित रूपमा त्यस्तो हुन सकेन । यस्तो अवस्थाबाट देशमा सुशासन प्रवर्द्धन गर्न देहायका कार्य गरिनु आवश्यक छ ।
(क) जनताले पाउनुपर्ने सेवा तोकिएको समय र गुणस्तरमा पाउनुपर्ने । तोकिए बमोजिम सेवा नदिंदा राज्यले सेवाग्राहीलाई क्षतिपूर्ति दिनुपर्ने कानुन लागु गर्ने ।

(ख) सेवा प्रवाहमा विद्युतीय शासन कार्यान्वयनमा ल्याउने । सेवाग्राही र सेवा प्रदायक सकेसम्म भेट हुनु नपर्ने । नागरिकले घरबाटै सेवा लिन सक्ने व्यवस्था गर्ने । यदि

कुनै सेवा लिन सरकारी कार्यालयमा जानु परेमा सेवाग्राही कोठा कोठा धाउनु पर्ने अवस्थाको अन्त्य गरी एकै ठाउँबाट सेवा पाउने अवस्था सिर्जना गर्ने । सरकारले नागरिकलाई दिने कागजातहरू हुलाकमार्फत घरमै पठाउने व्यवस्था मिलाउने । जस्तै राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र आदि ।

(ग) समयानुकूल कानुनको संशोधन गरी राष्ट्रिय नीति निर्माण र राष्ट्रियस्तरका परियोजना सञ्चालन सङ्घले, विकास निर्माणका कार्य प्रदेशले र सेवा प्रवाहको सबै काम तथा सेवा प्रवाहसँग जोडिएका स-साना विकास निर्माणका काम स्थानीय तहले प्रवाह गर्ने व्यवस्था मिलाई जिम्मेवारीमा देखिएको दोहोरोपनाको अन्त्य गर्ने । एउटै काम धेरैको जिम्मेवारीमा हुँदा एकातिर कसैले पनि काम नगर्ने जोखिम देखियो भने अर्कोतिर काममा दोहोरोपना आई साधन स्रोतको दुरूपयोग हुने अवस्था पनि पाईयो ।

(घ) कर्मचारी सरूवा, बढुवा, पुरस्कृत आदि गर्नका लागि पारदर्शी मापदण्ड बनाई स्वचालित विधिबाट निर्णय हुने प्रणाली विकास गर्ने । निर्णयकर्ताको तजबिज, लाभ वा चाहनामा कसैको भविष्य निर्भर गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने ।

(ङ) तोकिएको जिम्मेवारी पूरा नगर्ने सार्वजनिक ओहदामा रहेको व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने व्यवस्था गर्ने । सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्ति कामप्रति उत्तरदायी तथा जनताप्रति जवाफदेही हुनु पर्ने प्रणाली विकास गर्ने ।

(च) सार्वजनिक निर्माणका कामहरू समयमा सकाउनका लागि विशेष कानुन तर्जुमा गरी लागु गर्ने । समयमा काम नसक्ने ठेकेदारलाई जिम्मेवार बनाउने र प्रशासनिक अवरोध हो भने जिम्मेवारलाई कारवाही गर्ने विधि विकास गर्ने ।

(छ) राजनीतिक नियुक्ति व्यक्तिको विज्ञता, क्षमता, योग्यता आदिको आधारमा प्रतिस्पर्धात्मक ढङ्गबाट गरिनुपर्ने ।

(ज) जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अनुशिक्षणहरू सञ्चालन गर्ने । राज्य सञ्चालनको अभिलाषा लिएर स्थापना भएका राजनीतिक दलका नेताहरूमा नै राज्य सञ्चालनको क्षमता नहुँदा उनीहरूले जिम्मेवारी पाउँदा कार्य सम्पादन प्रभावकारी हुन सकेन। त्यसैले दलका नेताहरूलाई राज्य सञ्चालनमा सक्षम बनाउन तालिम तथा अनुशिक्षण प्रदान गर्ने ।

## राज्यका निकायहरूलाई सक्षम बनाऔँ

निश्चित उद्देश्य हासिल गर्न राज्यमा विभिन्न निकायहरू स्थापना गरिएका हुन्छन् । लोकतन्त्रको मर्म अनुसार राज्य सञ्चालन गर्नका लागि विभिन्न संरचनाहरू स्थापना गरी तिनलाई बलियो बनाइन्छ ताकि कानुनी शासन (Rule of Law) कायम हुन सकोस् । त्यस्ता संस्थाहरू कानुनी रूपमा त बलियो हुन्छन् नै त्यस भन्दा पनि बढी व्यवहार तथा अभ्यासमा अत्यन्त व्यवसायिक, तटस्थ, पारदर्शी र विश्वसनीय हुन्छन् । जसका कारण हरेक नागरिकले राज्य प्रति विश्वास गर्ने वातावरण बन्दछ । यिनै संस्थालाई लोकतन्त्रको जग मान्ने गरिन्छ । नेपालमा शक्ति पृथकीकरण र सन्तुलनका सिद्धान्त पालना गर्दै कैयन संवैधानिक निकायहरू स्थापना गरिए जसमा सरकारको प्रभाव नपर्ने व्यवस्था गरियो । तर पछिल्लो समय प्रायः सबै निकायको विश्वसनीयता गुम्दै गएको छ, ति संस्थाका निर्णय तथा काम कारबाही प्रति नागरिक आश्वस्त हुन सकेको देखिएन । देश र जनताको हितमा भन्दा पनि नियुक्तिकर्ता प्रति जवाफदेहि हुन खोजेको देखियो । शक्तिको प्रभावमा ति संस्थाहरू परेको भन्ने आलोचना बढ्दै गयो । यस्ता संस्थाहरू कमजोर हुनु भनेको लोकतन्त्र संकटमा पर्नु हो । प्रजातान्त्रिक प्रणाली जनविश्वासमा टिक्ने हो । जनविश्वास प्राप्त गरिरहनका लागि पारदर्शिता, निष्पक्षता, तटस्थता तथा व्यवासायिकता अनिवार्य मान्ने गरिन्छ । नागरिकलाई पहुँचका आधारमा सहयोग गर्ने होइन पद्धति नै संस्थागत गर्ने गरी काम हुनु पर्दछ ।

यस्ता संस्थाहरू कमजोर बन्दै जानुमा कानुनी व्यवधान हुन् कि व्यवहारिक कठिनाई हुन् तिनको पहिचान गरी तत्काल सम्बोधन गरिनु पर्दछ । कम सक्षम र कम इमान्दार मानिसहरू त्यहाँ पुग्ने वातावरण बन्यो भन्ने आम नागरिकको गुनासोमा बल पुग्ने गरी त्यस्ता संस्थाहरूले समय समयमा निर्णय गरेको पाइन्छ । सक्षम मानिस त्यहाँ पुगे पनि अमुक पार्टीको अमुक नेताले त्यहाँ पुऱ्याएको हो भन्ने बुझाई रहेपश्चात उसले निष्पक्ष भएर कार्य सम्पादन गर्न सक्दैन भने उसले सम्पादन गरेको काममा अरूले आशंका गर्ने अवस्था सधै रहन्छ । त्यस्ता संस्थामा दलीय प्रभावबाट मुक्त भएर स्वच्छ छबि भएका, इमान्दार, कर्तव्यनिष्ठ, पूर्वाग्रहरहित र सक्षम व्यक्तिलाई पुऱ्याउने परिपाटी विकास गर्नका लागि आवश्यक व्यवस्था मिलाउन ढिला गर्नु हुँदैन । हामीले के देख्यौं भने दल निकट, कुनै गुट उपगुटले मन पराएका व्यक्तिलाई बन्द कोठामा बसेर निर्णय गरी संवैधानिक निकाय लगायतमा नियुक्ति दिँदा मुलुकले त्यसको चर्को मूल्य चुकाउनु पऱ्यो । यसलाई अन्त गर्ने तर्फ नेपाली कांग्रेसले विशेष पहल लिनु पर्दछ । मूलतः योग्य

मानिसले मात्र डेलिभरी दिन सक्ने अवस्था रहन्छ । विगतमा हामीले सक्षमलाई जिम्मेवारी दिन नसक्दा प्रतिफल आउन नसकेको तथ्यलाई बिर्सनु हुदैन । यस्ता निकायमा नियुक्तिको लागि योग्यता प्रणाली (Meritocracy) लाई नै आधार मान्ने तर्फ नेपाली कांग्रेसले सबैलाई मनाउनु पर्दछ ।

देशमा कर्मचारीहरू विभिन्न ट्रेड युनियनमार्फत पार्टी कित्तामा उभिएको जस्तो देखिन्छ । यसबाट कर्मचारीहरू विभाजित हुन पुगि देश र जनताको सेवा गर्ने आफ्नो कर्तब्यबाट समेत विमुख भएको अनुभूति हुन्छ । कर्मचारी आफ्नो व्यवसायिकता वृद्धि तथा पेशागत हक हितका लागि संगठित हुनु राम्रो हो तर राजनीतिक स्वार्थ सिद्धिका लागि पार्टी निकट संगठन तथा समूह बन्नुले सार्वजनिक प्रशासनको विश्वसनीयता खस्किएको छ भने राजनीतिक दलले पनि त्यसलाई आफू अनुकूल प्रयोग गर्न खोजेको देखियो । त्यसैले कर्मचारीको आफ्नै मर्यादा तथा विश्वासका लागि तथा मुलुकको हितका लागि पनि विद्यमान प्रावधानहरूमा गम्भीर समीक्षा गरी निष्कर्षमा पुग्ने कुरामा नेपाली कांग्रेसले नेतृत्व लिनु पर्दछ ।

## विदेशमा रहेका नेपालीको राजनीतिक अधिकारसम्बन्धी व्यवस्था

काम तथा अध्ययनको उद्देश्यले केही समयको लागि विदेश गएका नेपाली नागरिकलाई मतदानको अधिकार प्रदान गरिनु अत्यावश्यक छ । नेपालको संविधान, कानुन तथा सर्वोच्च अदालतको फैसला समेतले विदेशमा अस्थायी रूपमा बसोबास गर्दै आएका नेपालीलाई मतदानको अधिकार प्रदान गर्नु भनेको छ । आफ्नो प्रतिनिधि छनोट गर्न पाउनु बालिग नागरिकको नैसर्गिक अधिकार हो । यसले एकातिर युवाको राजनीतिमा संलग्नता वृद्धि गर्नेछ भने अर्कोतिर सक्षम नेतृत्व छनोटको पनि आधार निर्माण हुनेछ । आउने निर्वाचनबाट नै विदेशमा रहने नेपाली नागरिकलाई मतदानमा संलग्न हुने वातावरण बनाउन नेपाली कांग्रेसले अग्रसरता लिनु पर्दछ ।

## सामाजिक सुरक्षा तथा स्वास्थ्य र शिक्षा

सामाजिक न्याय, समता तथा समानतासहितको नेपाली समाज विकास गर्ने सोंच संविधानले राखेको छ । राज्यले समाजको पिंधमा रहेका वर्ग र समुदायको संरक्षण गर्ने पद्धति नै सामाजिक सुरक्षाको आधार हो । सामाजिक सुरक्षाको अभ्यास नेपालले लामो समयदेखि गर्दै आएको छ । कतिपय सामाजिक सुरक्षाका प्रबन्धहरू राज्यले धान्न सक्ने भन्दा बढी भयो भनी आलोचना पनि हुने गरेको छ । सक्नेलाई पनि राज्यले सहयोग

गर्दै आएको छ । विस्तारै सामाजिक सुरक्षाका कार्यक्रमहरू जसलाई आवश्यक हो त्यसलाई मात्र उपलब्ध गराउने तर्फ नेपाली कांग्रेसले प्रष्ट धारणा बनाउनु पर्दछ ।

स्वास्थ्य र शिक्षाका सबालमा हाम्रा बिचमा धेरै अस्पष्टताहरू छन् । नेपालको संविधानले आधारभूत स्वास्थ्यलाई निःशुल्क भनेको छ भने प्राथमिक तहको शिक्षालाई अनिवार्य र निःशुल्क मानेको छ । सबैलाई यो सुविधा राज्यले उपलब्ध गराउन पर्ने वा नपर्ने र यो सुविधा उपलब्ध गराउन सक्ने वा नसक्ने भन्नेमा पर्याप्त बहस हुन सकेको छैन । राज्यको सामर्थ्य भएमा नागरिकलाई जति सुविधा दिए पनि हुन्छ । तर, स्वास्थ्य र शिक्षामा निजी क्षेत्रको उपस्थिति मजबुद् नै रहेको सन्दर्भमा आर्थिक रूपले सम्पन्नलाई पनि स्वास्थ्य र शिक्षा निःशुल्क उपलब्ध गराउनु आवश्यक छ छैन बहस गरौँ । जसले आफै तिर्न सक्छ, जसले विशेष खालको सुविधा उपभोग गर्ने क्षमता राख्दछ उसलाई राज्यले किन निःशुल्क सुविधा दिने भन्ने तर्क पनि बलियो देखिन्छ यसमा पार्टीको धारणा प्रष्ट पारौँ । राज्यले आफ्नो पूर्ण दायित्व ठानेका क्षेत्रमा निजी लगानी आवश्यक हो वा होइन त्यसमा छलफल गरौँ । संविधानमा आधारभूत स्वास्थ्य सेवा राज्यको दायित्व भनिएको छ त्यसलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने तर्फ आवश्यक तयारी गरौँ । शिक्षातर्फ पनि संविधानले निःशुल्क र अनिवार्य भनेको आधारभूत तहको शिक्षालाई सोही अनुसार कार्यान्वयन गर्न पार्टीले नेतृत्व गरौँ । शिक्षा र स्वास्थ्यको क्षेत्रमा नेपाली कांग्रेसले लिन खोजेको आर्थिक नीति के हो त्यसमा थप प्रष्टताको आवश्यकता छ । नेपाली कांग्रेसले लिने आर्थिक नीतिको कसीमा स्वास्थ्य र शिक्षामा निजी क्षेत्रले गर्ने लगानी निर्धारित हुने सुनिश्चितता प्रदान गरिनु पर्दछ ।

## सुदृढ स्वास्थ्य बीमाः स्वास्थ्यमा समाजवाद

स्वास्थ्य बीमा आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सरल, सुलभ र सहज ढङ्गबाट उपलब्ध गराउन तथा उपचारका क्रममा नागरिकले आफ्नो खल्तीबाट तिर्नुपर्ने रकम घटाउँदै लैजानका लागि सुरू गरिएको राष्ट्रिय प्राथमिकताको कार्यक्रम हो । स्वास्थ्य उपचारको बढ्दो खर्च राज्य एक्लैले मात्र धान्न नसक्ने र नागरिकले पनि व्यहोर्न नसक्ने भएकाले राज्य र नागरिक दुवैको योगदानमा आधारित हुने गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको हो । धेरै सक्नेले केही बढी र नसक्नेले योगदान गर्नु नपर्ने गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा छ । स्वास्थ्य बीमामा ठूलो स्रोत र जोखिम बाँडफाँड आवश्यक पर्दछ । स्वास्थ्य बीमा जस्तै देशमा छरिएर रहेका कार्यक्रमलाई एकीकृत गर्ने र स्वास्थ्य बीमा ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम

सम्पूर्ण राष्ट्रसेवक तथा औपचारिक क्षेत्रमा काम गर्नेहरूलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने हो भने यसका लागि स्रोतको कुनै अभाव हुँदैन । त्यस्तै गरी तीन तहको सरकारले सहकार्य गर्ने हो भने स्वास्थ्य बीमा थप सहज बन्नेछ । स्वास्थ्य बीमा सुदृढीकरण गर्दा नागरिकलाई आवश्यक पर्ने अधिकांश उपचारलाई निःशुल्क गर्न सक्ने सम्भावना रहन्छ । अहिले पनि गम्भीर प्रकारका आठ रोगको उपचारमा स्वास्थ्य बीमाको सीमा प्रति व्यक्ति ३ लाखसम्म पुगेको छ भने विपन्नहरूलाई विभिन्न रोगहरूमा ७।८ लाखसम्म पुगेको अवस्था छ । त्यसैले पार्टीको निर्णय बमोजिम नै स्वास्थ्य बीमालाई ५ लाख पुऱ्याउने गरी आगामी दिनमा काम गर्न सकेमा स्वास्थ्य क्षेत्रमा साँचो अर्थको समाजवाद आउने छ ।

## राजनीतिमा युवा सहभागिता वृद्धि

नेपाली कांग्रेसले राजनीतिमा युवाको सहभागिता वृद्धिका लागि विशेष पहल लिनु आवश्यक छ । युवा प्रति नागरिकको आशा र आकर्षण दुवै उच्च भएकाले राजनीतिक नेतृत्व सार्वजनिक जिम्मेवारीमा युवाको संलग्नता वृद्धि गरिनु पर्दछ । लोकतन्त्रको आधार भनेको जनता हो, जति धेरै मतदाताले मतदानमा सहमति जनाए उति लोकतन्त्र बलियो मान्न सकिन्छ । नेपालमा मतदान गर्ने उमेर १८ वर्ष कायम गरिएको छ त्यसलाई घटाएर १६ कायम गरिनु पर्दछ । नागरिकता ऐनले १६ वर्षको उमेरमा व्यक्ति वयस्क भई नागरिकता पाउने व्यवस्था गरेको छ तर मतदान गर्ने उमेर १८ वर्ष छ । यो व्यवस्थालाई संशोधन गर्नु लोकतन्त्रका लागि सकारात्मक विषय हो । उम्मेदवार हुने उमेरलाई पनि परिमार्जन गरिनु आवश्यक छ । अहिलेको पुस्ताले सानो उमेरमा नै धेरै सिक्ने, पढ्ने र परिपक्क हुने अवसर प्राप्त गरेको हुन्छ । त्यसैले विगतको जस्तो उम्मेदवार हुन धेरै उमेर पुग्नु पर्ने व्यवस्थामा संशोधन आवश्यक छ । निर्वाचनमा युवा सहभागिता वृद्धिका लागि युवा उम्मेदवारको सङ्ख्या बढाउनु आवश्यक छ । यसको लागि एकातिर युवालाई राजनीतिमा बढी संलग्न गराउने र अर्कोतर्फ युवा सहभागिता बढने गरी निश्चित प्रतिशत युवा उम्मेदवार हुने कानुनी व्यवस्था गर्ने ।

साथसाथै, अहिले सम्भव भएका स्थानहरूमा विद्युतीय मतदानलाई सुरू गर्दै नेपालभर विद्युतीय मतदान मेसिनहरूबाट मतदान हुने व्यवस्था गर्न पनि हामीले ढिलाइ गर्नु हुँदैन ।

# युवा, उद्यम, रोजगारी तथा सहभागिता

नेपाल युवा बहुल मुलुक हो, देशभित्र पर्याप्त अवसर सिर्जना हुन नसक्दा अवसरको खोजिमा बाह्य विश्वमा पुग्ने नेपाली युवाहरूको सङ्ख्या बढ्दो छ । ठूलो सङ्ख्यामा युवाहरूको वर्हिगमनले जनसाङ्खिक लाभ (Demographic Dividend) को अवसर गुम्दै गएको छ भने यो वर्हिगमनलाई युवा पलायनको रूपमा पनि हेरिदैछ । युवाहरूको बढ्दो सङ्ख्या, अवसरको न्यूनता, छिमेकको तीव्र विकास, देशमा बढ्दो भ्रष्टाचार र अन्यौलका कारण युवाहरूमा सङ्ग्रहित असन्तुष्टिको अभिव्यक्ति **जेन जी** आन्दोलनमार्फत व्यक्त भएको छ । नेपाललाई युवा मुलुक भन्दै गर्दा समृद्धिको सपना फलिभूत नहुँदै वृद्ध मुलुकमा दर्ज हुने जोखिम बढ्दै गएको छ । मुलुक सम्वत २१०० सम्ममा उच्च आय भएको देश बन्न चाहन्छ । दुई अङ्कको आर्थिक वृद्धि दशकौंदेखिको हाम्रो सुन्दर तर अधुरो सपना हो । आर्थिक वृद्धिदर औषतमा ४ प्रतिशत वरिपरि छ । हामीले दुई अङ्कको आर्थिक वृद्धिदर हासिल नगर्दासम्म सम्पन्न हुने चाहना पूरा हुने वाला छैन । वार्षिक लाखौँ युवा कामको खोजीका लागि विश्वका विभिन्न मुलुकमा पुगेका छन् । देशमा उद्योग कलकारखाना खुल्न सकेका छैनन् । खुले पनि चलाउन सकिने वातावरण कमजोर छ । निजी क्षेत्र पर्ख र हेरको अवस्थामा छ । देशमा लगानीको वातावरण बनाउनका लागि देहायका कार्य गरिनु पर्दछ ।

(क) युवा लक्षित रोजगारीका कार्यक्रम सञ्चालनमा ल्याउने । युवालाई उसको क्षमता, अनुभव, सम्भावना र चाहनाबमोजिम कुन व्यवसाय उपयुक्त छ पहिचान गरी काम गर्न सहजीकरण गर्ने संयन्त्रहरू प्रत्येक पालिकामा विकास गर्ने । ऋण प्राप्ति सहज बनाउने । प्रत्येक जिल्लामा कम्तीमा १ वटा Business Incubation Centre स्थापना गर्ने र Startup Business लाई प्रवर्द्धन गर्ने नीति लिने ।

(ख) युवाहरूले सन्चालनमा ल्याएको कुनै पनि व्यवसाय निश्चित अवधिसम्म जोखिम बीमा गर्नु पर्ने प्रावधान र त्यसमा सहजीकरण गर्ने विषयमा नीतिहरू ल्याउने ।

(ग) युवाले सञ्चालन गरेको सामूहिक कृषि तथा उद्यममा विशेष छुट दिने । महिलाको सामूहिक कृषि कार्यमा उत्पादनमा आधारित अनुदान दिने व्यवस्था गर्ने । साथै उत्पादित वस्तुको बजारीकरणको व्यवस्था मिलाउने ।

(घ) घरेलु तथा मझौला उद्यममा लाग्न चाहने युवालाई विशेष सहयोग तथा प्रोत्साहन उपलब्ध गराउने । स्थानीय उत्पादन र स्थानीय उपभोगलाई सहयोग पुग्ने नीति लिने ।

(ङ) सम्भाव्यता हेरी कृषि उत्पादनका पकेट क्षेत्रहरू निर्धारण गरी व्यवसायिक उत्पादनमा जोड दिँदै ५ वर्षभित्रमा कृषि उत्पादनमा पूर्ण आत्मनिर्भर हुने नीति लिने ।

(च) पर्यटन क्षेत्रको विकासका लागि युवालाई पर्यटन व्यवसायमा लाग्न आवश्यक सहयोग सहुलियतपूर्ण ढङ्गबाट राज्यले उपलब्ध गराउने । ५ वर्षमा नेपाल आउने पर्यटकको सङ्ख्या दोब्बर पार्न रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने ।

(छ) दक्षिण एसियाका देशहरूमा भएका लगानीसम्बन्धी नीति भन्दा पनि सहज हुने गरी निजी क्षेत्रका लागि अनुकूल नीति, संरचना तथा प्रक्रियागत सरलीकरण पारी निजी लगानी तथा बाह्य लगानी आकर्षित गर्ने । लगानीसम्बन्धी प्रस्तावलाई द्रुत संयन्त्रबाट अनुमति दिने प्रणाली विकास गर्ने । लगानीकर्तालाई अवरोध गर्ने तथा लगानी निरूत्साहित गर्ने व्यक्तिलाई कारबाही गर्ने नीति लिने ।

(ज) सार्वजनिक निजी साझेदारीको लगानी अभ्यास अघि बढाउने । ठूला पूर्वाधारमा निजी क्षेत्रको लगानी प्रेरित गर्ने नीति लिने ।

(झ) वाध्यात्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्दै हालका कम आय हुने गन्तव्यबाट क्रमश बढी प्रतिफलयुक्त गन्तव्यमा अवसर सिर्जना गर्ने । वैदेशिक रोजगारीबाट प्राप्त भएको आम्दानी, सीप र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न विशेष रणनीति बनाई कार्यान्वयन गर्ने ।

(ट) देशमा उत्खनन् हुन बाँकी प्राकृतिक ग्यास, युरेनियम, फलाम खानी, बहुमूल्य धातुका खानी लगायतका प्राकृतिक सम्पदाहरूको पहिचान, उत्खनन्, प्रशोधनमा युवाहरूलाई परिचालन गर्ने नीति लिने ।

(ठ) लगानीको लागि नकारात्मक सूची सार्वजनिक गर्ने र अन्य उद्यमको हकमा स्व:घोषणाको आधारमा व्यवसाय सुरू गर्न पाउने कानुनी व्यवस्था मिलाउने ।

(ड) देशमा शान्ति सुरक्षा कायम गर्दै सबै पक्षबाट लगानीमैत्री वातावरण तयार पार्ने ।

## आर्थिक दृष्टिकोण

नेपाली कांग्रेसले वीरगञ्ज महाधिवेशनबाट नै प्रजातान्त्रिक समाजवादको सिद्धान्त अंगिकार गर्दै आएको छ । प्रजातान्त्रिक समाजवादको आ–आफ्नै विश्लेषणहरू हुँदै आएका छन् । नेपालको संविधानमा समाजवादउन्मुख आर्थिक नीतिको विषय समावेश गरियो । यसबाट राज्यको मूल आर्थिक नीति समाजवादउन्मुख छ भन्ने देखिन्छ । उत्पादन बढाउने, लगानी आकर्षित गर्ने, आर्थिक क्रियाकलाप अभिवृद्धि गर्ने, आर्थिक उन्नयन र रोजगारीको अवसर मुलुकमा सिर्जना गर्ने साथै यसबाट प्राप्त भएका आर्थिक लाभलाई कमजोर वर्गमा समेत पुऱ्याइ उनीहरूलाई आर्थिक विकासको मूल प्रवाहमा ल्याउने उद्धेश्य नेपाली कांग्रेसले लिनु पर्दछ । पुँजीको निर्माण, उत्पादन अभिवृद्धि, लगानीको वातावरण नहुँदासम्म वितरणमा मात्र जोड दिने नीति नेपाली कांग्रेसको हुन सक्दैन । नेपाली कांग्रेसले बदलिँदो विश्व अर्थतन्त्र र नेपाली परिवेशलाई मध्यनजर गर्दै आफ्नो आर्थिक नीति अद्यावधिक गर्दै स्पष्ट बनाउनु पर्छ । यस्तो अवस्थामा मुलुकमा पुँजीको निर्माण, लगानी अभिवृद्धि, उत्पादनमा जोड, व्यक्तिगत सम्पत्तिको रक्षा आदि विषयमा प्रष्ट धारणा नेपाली कांग्रेसले बनाउनु पर्दछ । निजी क्षेत्र नेपाली कांग्रेसको प्रष्ट आर्थिक दृष्टिकोणको प्रतिक्षामा छ । ढुलमुले आर्थिक नीतिले एकातिर देशलाई हानी गरेको छ भने अर्कोतिर नेपाली कांग्रेसको आर्थिक नीति र कम्युनिष्टको आर्थिक नीतिमा कुनै भिन्नता देख्न निजी क्षेत्रले छाडि सकेको छ । यसको परिणामस्वरूप लगानी, उत्पादन, रोजगारी सिर्जना आदि जस्ता पक्षमा निरन्तर संकुचन आएको छ । राज्यका सबै सार्वजनिक नीतिहरू आर्थिक उन्नयनको उद्देश्यबाट तर्जुमा तथा कार्यान्वयन हुनु पर्दछ ।

मुलुकमा चालु खर्च निरन्तर बढ्दै गएको छ भने पुँजीगत बजेटको विनियोजन तथा खर्च क्षमतामा निरन्तर संकुचन आएको छ । आर्थिक गतिविधिहरू संकुचित हुँदै जाँदा आन्तरिक स्रोत परिचालन कमजोर बन्दै गएको छ । यसको परिणाम स्वरूप सार्वजनिक ऋणमा वृद्धि भयो र अहिले सार्वजनिक ऋणको साँवा व्याज भुक्तानीको लागि प्रत्येक वर्ष वित्तीय व्यवस्था शीर्षकमा विनियोजन गरिने बजेट पुँजीगत बजेट भन्दा बढी हुन पुगेको छ । यो देशको लागि दुखद विषय हो । चालु खर्च कटौतीमा अत्यन्त कठोरताका साथ नेपाली कांग्रेस प्रस्तुत हुनु आवश्यक छ । आर्थिक मितव्ययितातर्फ हाम्रो विशेष ध्यान जानु पर्दछ । यसका लागि देहायका कदम चाल्न उपयुक्त हुने राय प्रस्तुत गर्न चाहन्छु ।

- देशमा रहेका विभिन्न संरचनाहरू के कति आवश्यक छन् तिनको वस्तुपरक समीक्षा गरी अनावश्यक संस्थाहरू खारेज गरिनु पर्दछ ।
- चालु खर्च कटौतीका सम्बन्धमा विगतमा तयार गरिएका अध्ययन प्रतिवेदनहरू कार्यान्वयनमा लैजान सकिन्छ ।
- तीन तहका सरकारमा दोहोरो पर्न गएका संरचना खारेज गरिनु पर्दछ ।
- देशमा विभिन्न ओहदामा रहेर पूर्व हुनुभएका व्यक्तिहरूले पाउने अत्यावश्यकबाहेकका अन्य सुविधामा कटौती गर्नु आवश्यक छ ।
- बहालवाला पदाधिकारीलाई दिइने अत्यावश्यक सुविधा बाहेकका अन्य सुविधा कटौती गुर्नपर्छ ।
- एउटै पदाधिकारीले दोहोरो तेहोरो सुविधा राज्यकोषबाट लिन नपाउने बनाउने । नियमित तलब प्राप्त गर्ने पदाधिकारीले विभिन्न नामको भत्ता तथा सुविधा लिन नपाउने कानुन बनाउने ।
- राज्य संयन्त्रमा विभिन्न नाममा हुने चुहावट नियन्त्रण गर्ने ।
- कार्य सम्पादनमा आधारित भएर राज्यका पदाधिकारीलाई सुविधा दिने व्यवस्था मिलाउने ।
- अनावश्यक कर्मचारी दरबन्दी कटौती गर्ने ।
- संवैधानिक निकायको सङ्ख्या घटाउने ।
- निजी क्षेत्रबाट निर्वाह हुन सक्ने भूमिकाका लागि सरकारले निजी क्षेत्रलाई उपयोग गर्ने नीति लिने ।
- प्रविधिको प्रयोगतर्फ विशेष जोड दिने ।

## नेपाली कांग्रेसको नेतृत्वमा रहेका प्रदेश सरकार तथा स्थानीय तहको भूमिका

नेपाली कांग्रेस सङ्घीय संसदमा सबैभन्दा ठूलो पार्टी मात्र होइन प्रदेश र सबैभन्दा धेरै स्थानीय सरकार (३२९ वटा) पार्टीको नेतृत्वमा चलेको अवस्था छ । त्यसैले नेपाली कांग्रेसले कुरा होइन, काम गरेर देखाउनु पर्दछ । नेपाली कांग्रेस यसो गर्नेछ होइन, नेपाली कांग्रेस यस्तो गऱ्यो भनेर प्रस्तुत हुन सक्नु पर्दछ । निर्वाचित जनप्रतिनिधिले पालना गर्नुपर्ने आचरण, मितव्ययिता अपनाउने विधि, जनताका सरोकारका विषयलाई सम्बोधन गर्ने उपाय, नवीन कार्यहरूको सूची आदि नेपाली कांग्रेसले प्रस्तुत गर्नु पर्दछ

। नेपाली कांग्रेसले नेतृत्व गरेको प्रदेश र स्थानीय तहहरूले सम्पादन गरेका काम अन्यको भन्दा विशेष, प्रभावकारी र नमुनायोग्य हुन सक्नु पर्दछ । यसका लागि पार्टीले विज्ञहरूको सहयोगमा प्रदेश सरकार तथा स्थानीय तह सञ्चालनको एक प्रष्ट मार्गदर्शन तयार पारी लागु गर्न सहजीकरण गर्नु पर्दछ ।

## प्रधानमन्त्रीको उम्मेदवार तोकेर निर्वाचनमा जाने परिपाटी विकास गरौँ

नेपालमा विकास हुँदै गएको राजनीतिक जागरण, विश्व अभ्यास र हामीले भोगेका अप्ठ्याराहरूलाई समीक्षा गर्दा नेपाली कांग्रेसले आगामी निर्वाचनबाट आफ्नो पार्टीले बुहमत ल्याएमा वा सरकार बनाएमा कसलाई प्रधानमन्त्री बनाउने हो सो विषय घोषणा गरेर जानु उपयुक्त हुनेछ । यसले केही हदसम्म प्रत्यक्ष निर्वाचित कार्यकारीको मागलाई समेत सम्बोधन गर्न खोजेको देखिनेछ । प्रधानमन्त्रीको उम्मेदवारको नेतृत्वमा आम निर्वाचनमा जाँदा जनतासँग सघन संवादको सम्भावना बढ्ने, पार्टीको विश्वसनीयता पनि वृद्धि हुने र सरकार तथा नेतृत्व परिवर्तनका लागि समय समयमा हुने चलखेल समेत अन्त्य हुने देखिन्छ । त्यसैले अन्य पार्टीहरूलाई समेत दवाबमा पार्ने गरी प्रधानमन्त्रीको उम्मेदवार नै तोकेर निर्वाचनमा जाने परिपाटी नेपाली कांग्रेसले विकास गर्नु सुशासन, पारदर्शिता, जवाफदेहिता र लोकतन्त्रका लागि सहयोगी हुनेछन् ।

## संविधान संशोधन

संविधान सभाबाट निर्माण गरिएको संविधान भएकाले यसलाई जोगाउनु हामी सबैको कर्तव्य हो । तर गुण र दोष तथा मुलुकको बदलिंदो परिवेश समेतका आधारमा यसलाई परिमार्जन गर्न हिचकिचाउनु हुँदैन । संविधान संशोधनीय दस्तावेज नै हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको अभ्यास हाम्रा लागि नयाँ हो । कतिपय विषयहरू अभ्यासको क्रममा ठिक वा बेठिक पहिचान हुँदै जान्छ । हामीले केही वर्ष गरेको अभ्यास, अनुभव, आवश्यकता र औचित्यका आधारमा केही प्रावधान परिमार्जन गर्नुपर्ने देखिएको छ । साथै संविधानमा नै कतिपय विषय संविधान कार्यान्वयनमा आएको एक दशकमा समीक्षा गर्ने भनि उल्लेख समेत छ । सर्वपक्षीय सहमति कायम गरी वृहत राष्ट्रिय लक्ष्य हासिल गर्न  संविधान संशोधन गरौँ । यसका लागि नेपाली कांग्रेसले नेतृत्व लिनु आवश्यक छ । नेपाली कांग्रेस र एमाले सम्मिलित सरकार बन्दै गर्दा संविधान संशोधनलाई मुख्य विषय बनाइएको थियो तर सरकार बनेको लामो समयसम्म पनि संविधान संशोधनको कार्य थालनी गरिएन युवा विद्रोह हुनुको पछाडि यो पनि एक

कारक तत्व हो । त्यसतर्फ सबैले सजग गराउँदा पनि शीर्ष नेतृत्वले चासो नदिंदा मुलुक दुर्घटनामा पर्न पुग्यो । संविधान संशोधनका विषय पहिचान गरी आगामी निर्वाचनमा समेत जनमत परीक्षणका लागि उक्त प्रस्ताव लैजानु सान्दर्भिक हुनेछ । नेपाली कांग्रेसले संविधान संशोधनको गृहकार्यका लागि अन्य दलसँग छलफल गरी साझा धारणा बनाउनका लागि यसै बैठकबाट कार्यदल गठन गर्न म प्रस्ताव गर्न चाहन्छु ।

## (ख) नेतृत्व परिवर्तन

मुलुकमा विद्यमान यस कठिन घडिमा पुरानो पुस्ता, जसले जीवनभरको सङ्घर्षबाट प्रजातान्त्रिक शासन प्रणाली दिएको छ, जोसँग त्याग, परिपक्वता र अनुभव छ । नयाँ पुस्ता, जसमा थप रुपान्तरणको प्रष्ट मार्ग चित्र, उर्जा, आशा र योगदानको प्रतिवद्धता छ । सबै मिलेर पार्टीलाई एकजुट बनाउनु आवश्यक छ । पार्टी नेतृत्व परिवर्तन र नेपाली कांग्रेसको रुपान्तरण आजको प्रमुख जनादेश हो । त्यसको कार्यान्वयनका लागि पुरानो र नयाँ पुस्ता एकै ठाउँमा बसेर निकास निकाल्नु आवश्यक छ । सबैको योगदानको कदर गर्दै सबैलाई उचित भूमिका दिँदै नयाँ पुस्तामा नेतृत्व हस्तान्तरणको स्वभाविक प्रकियालाई कार्यान्वयनमा ल्याउन ढिला गर्न हुँदैन । नेतृत्व पुरानो पुस्ताबाट नयाँ पुस्तामा सर्ने विषय प्राकृतिक कुरा हो, सास्वत सत्य हो । पुरानो पुस्ताले अस्वभाविक लामो समय नेतृत्व गरिरहने हो भने समाजमा नयाँ पुस्ताको भूमिका कमजोर बन्न गई समग्र रुपान्तरण तथा  विकास प्रकृया नै अवरूद्ध हुन पुग्छ । नेतृत्व हस्तान्तरण प्राकृतिक न्यायको सिद्धान्तभित्र पनि पर्दछ । त्यसैले सम्मानजनक ढङ्गबाट नेतृत्व पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण गरौँ । हामी विभाजित भयौँ, एकले अर्कालाई कमजोर बनाउन शक्ति खर्च गर्यौँ र मुलुकको आवश्यकता तथा जनभावना बमोजिम पार्टीमा रुपान्तरण गरेनौँ भने नेपाली कांग्रेसमा तीव्र क्षयीकरण सुरू हुनेछ जसलाई भविष्यमा सुधार्न असम्भव प्रायः हुनेछ । त्यसैले समयमै उचित निर्णय लिन विगतमा जस्तै नेपाली कांग्रेसको नेतृत्व सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु । आगामी दिनमा तिन तहकै सरकारमा वडा सदस्यदेखि प्रधानमन्त्री तथा राष्ट्रपतिसम्म निश्चित पटक मात्र दोहरिएर पदमा रहन पाउने व्यवस्था मिलाउनु पर्दछ । त्यस्तै पार्टीमा पनि जुनसुकै पदमा दोहरिनका लागि निश्चित सीमा तोक्नु पर्दछ । यसो हुन सकेमा मात्र पछाडि रहेका व्यक्तिमा पनि आफु नेतृत्वमा पुग्न सक्ने विश्वास जागृत हुनेछ ।

आम नेपाली जनताको अभिमत, २३ र २४ भदौको जनादेश, नयाँ पुस्ताको चाहना, मुलुकको आवश्यकता र नेपाली कांग्रेसका तमाम समर्थकहरूको भावनालाई आत्मसात गर्दै पार्टीलाई नयाँ नेतृत्वमार्फत रूपान्तरण गरी जान सकेमा मात्र आगामी आम निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याउने बलियो सम्भावना छ । हामी प्रष्ट हुनु जरूरी छ की **'जेन जी'** विद्रोहले कम्युनिष्ट दृष्टिकोणलाई अस्वीकृत गर्दै जनउत्तरदायी प्रजातान्त्रिक शक्तिको माग गरेको छ । इतिहासले फेरी नेपाली कांग्रेसलाई एउटा सुनौलो तर चुनौतीपूर्ण अवसर दिएको छ । त्यसै तथ्यलाई आत्मसात गर्दै पार्टी रूपान्तरणका लागि तत्काल (आम निर्वाचन अगाडि) नै पार्टीको नेतृत्व परिवर्तन गर्नु अहिलेको टड्कारो आवश्यकता हो । अहिलेको विशेष परिस्थितिको सम्बोधन पनि विशेष ढङ्गबाट गरिनु पर्दछ । यसलाई नियमित घटना तथा अवस्थाको रूपमा मात्र लिने सुविधा हामीलाई उपलब्ध छैन । त्यसैले अहिलेको संकट मोचनको पहिलो काम भनेको सबैको सम्मान हुने गरी नेतृत्व परिवर्तन हो र यसका लागि दुई वटा विकल्प प्रस्तुत गर्न चाहन्छु ।

## १. पार्टीको १५औं महाधिवेशन

१४ औं महाधिवेशनबाट निर्वाचित समितिको म्याद विधानतः सकिन लागेको छ । सडकमा अभिव्यक्त जनादेश र आम लोकतन्त्रप्रेमीको भावना अनुसार पनि पार्टीमा जतिसक्दो छिटो ताजा म्याण्डेड लिनुपर्ने अवस्था सिर्जना भएको छ । पुस्तान्तरण सहितको नेतृत्व परिवर्तनको माग भई रहेको अवस्थामा समय सीमा सकिएको कार्यसमितिको म्याद थप्दा जनआक्रोश थप बढ्ने देखिन्छ । देशभरका नेता तथा कार्यकर्ता र आम नागरिक तथा युवाहरूको भावना बमोजिम १५ औं महाधिवेशन गरी नयाँ नेतृत्व छनोट गरौं । तत्काल यही केन्द्रीय समितिको बैठकबाट पार्टीको महाधिवेशनको मिति निर्धारण गरौं । युद्धको समयमा जस्तो गरी महाधिवेशनको तयारी गरी बढिमा ९० दिन र सकेमा ६० दिन भित्रमा पार्टीको महाधिवेशन सम्पन्न गर्ने व्यवस्था मिलाऔं । विगतमा ११ औं महाधिवेशन तिथि घोषणा भएको ६० दिनमा सम्पन्न भएको इतिहास धेरै पुरानो भएको छैन । विशेष परिस्थितिमा गरिने महाधिवेशन भएका कारण पार्टी विधानका कतिपय प्रावधानलाई निष्क्रिय बनाउन सकिन्छ भने आवश्यकताका आधारमा कतिपय प्रावधान थप गरेर जान सकिन्छ । जस्तै लामा प्रक्रियालाई छोट्याउने र मूलतः युवा पुस्ताको संलग्नता वृद्धिका लागि राष्ट्रिय जनगणना २०७८ मा जेन जी पुस्ताको जनसङ्ख्यालाई आधार मानी कुल महाधिवेशन प्रतिनिधिमा

सोही बमोजिमको सहभागिता सुनिश्चित गर्ने गरी विधान परिमार्जन गरी युवा सहभागितामा उल्लेख्य वृद्धि गर्ने अवस्था सुनिश्चित गरेर जाऔँ । हालको नेतृत्वको स्वभाविक र सम्मानजनक बिदाइका लागि नियमित महाधिवेशन उपयुक्त विकल्प हो । त्यसै गरी नियमित महाधिवेशनले पार्टी एकता सुदृढ तुल्याउनेछ, युवाहरूको सहभागिता सुनिश्चित गर्नेछ, वास्तविक ताजा म्याण्डेड नेतृत्वलाई प्राप्त हुनेछ, पार्टीको आधारतह टोलदेखिको संरचना चलायमान हुनेछ, वैचारिक र नैतिक रूपमा नयाँ नेतृत्वमा प्रष्टता आई विपक्षीसँग जुध्न तथा मुलुकमा विद्यमान समस्या सम्बोधन गर्ने उर्जा प्राप्त हुनेछ ।

## १५ औँ महाधिवेशनको कार्यतालिका

| क्र.सं. | कार्य विवरण | सम्पादन गर्ने समय | विधि तथा प्रक्रिया |
|---|---|---|---|
| १. | क्रियाशील सदस्यता वितरण | कार्तिक १ बाट कार्तिक २० गतेसम्म | • पुराना क्रियाशिल सदस्यलाई नवीकरण गर्न १५ दिनको म्याद दिने<br>• ३० वर्ष मुनिका इच्छुकले नयाँ सदस्यता लिन कार्तिक २० सम्मको म्याद दिने र अन्य इच्छुक सबैलाई क्रियाशील सदस्य दिने<br>• क्रियाशील सदस्यता नयाँ लिन तथा नवीकरण गर्न Digital माध्यम प्रयोगमा ल्याउने |
| २. | सदस्यता स्वीकृत गरी अन्तिम नामवली प्रकाशन | कार्तिक मसान्तसम्ममा क्रियाशील सदस्यको अन्तिम नामवली प्रकाशन गरी पालिकासम्म | • केन्द्र, जिल्ला, क्षेत्र तथा पालिकाले क्रियाशीलको अन्तिम नामवली प्रकाशन गर्ने<br>• क्रियाशील सदस्यताको विवाद समाधान गर्ने |

| | | | |
|---|---|---|---|
| | | पुग्ने व्यवस्था मिलाउने | जिम्मेवारी सम्बन्धित पालिका समितिलाई दिने |
| ३. | क्षेत्रीय प्रतिनिधि छनोट | मंसिर ७ गते सम्ममा सबै वडामा क्षेत्रीय प्रतिनिधि छनोट गरि सक्ने | • क्षेत्रीय प्रतिनिधिसम्बन्धी व्यवस्था परिमार्जन गरी युवाहरूलाई आरक्षणको व्यवस्था गर्ने । क्षेत्रीय प्रतिनिधिको कम्तीमा १० प्रतिशत प्रतिनिधित्व ३० वर्ष मुनिका युवाको हुने व्यवस्था मिलाउने |
| ४. | गाउपालिका, नगरपालिका, प्रदेश सभा क्षेत्रीय अधिवेशन, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन आदिको निर्वाचन | मंसिर ८ देखि मंसिर २४ सम्म | • इच्छुक पालिका, क्षेत्र, जिल्ला तथा प्रदेशले आ आफ्ना निर्वाचन सम्पन्न गर्ने |
| ५. | केन्द्रीय महाधिवेशन प्रतिनिधि छनोट | मंसिर २५ गते देशभर केन्द्रीय महाधिवेशन प्रतिनिधिको छनोट | • बुदाँ नं ४ को निर्वाचनलाई स्वेच्छिक बनाई मंसिर २५ गते केन्द्रीय महाधिवेशन प्रतिनिधि छनोट कार्य सम्पन्न गर्ने<br>• महाधिवेशन प्रतिनिधि कम्तीमा १० प्रतिशत ३० वर्ष भन्दा कम उमेरका क्षेत्रीय प्रतिनिधि मध्येबाट छनोट गर्ने<br>• महाधिवेशन प्रतिनिधिसम्बन्धी सम्पूर्ण विषयमा निर्णय गर्ने |

| | | | |
|---|---|---|---|
| | | | अधिकार केन्द्रबाट खटिने प्रतिनिधिलाई दिने |
| ६. | १५ औँ महाधिवेशन | पुष ८,९ र १० गते महाधिवेशन सम्पन्न गर्ने | महाधिवेशन काठामाडौँमा आयोजना गर्ने । |

नोटः-

१. आवश्यकताको आधारमा क्रमसङ्ख्या ४ अन्तर्गतको चरणलाई हालको लागि स्थगित गरी उक्त निर्वाचन केही महिना पछि पनि गर्न सकिन्छ ।

२. नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) का कतिपय दफालाई निलम्बन तथा संशोधन गरी १५ औँ महाधिवेशन पुष १० सम्ममा सम्पन्न गर्ने र ३० वर्ष मुनिका युवाहरूलाई पार्टीका विभिन्न तहमा सहभागी गराउने व्यवस्था मिलाउने ।

## २. महाधिवेशनमा युवा सहभागिता

मुलुकमा उत्पन्न विशेष परिस्थितिमा नेपाली कांग्रेसको सुदृढीकरणका लागि प्राप्त पृष्ठपोषण समेतलाई मनन गर्दा युवाहरूको संलग्नता निर्णायक तहमा उल्लेख्य सङ्ख्यामा वृद्धि गर्नुपर्ने देखिएकाले देहायका व्यवस्थाहरू गरी ३० वर्ष मुनिका युवाहरूलाई पार्टीको नेतृत्व तहमा ल्याउन प्रस्ताव गर्दछु ।

- क्रियाशील सदस्यता ३० वर्ष मुनिका इच्छुक युवालाई सहजै प्राप्त हुने प्रबन्ध गर्ने । ३० वर्ष मुनिका क्रियाशील सदस्यको सङ्ख्या वडाका कुल क्रियाशील सदस्यको सम्भव भएसम्म २० प्रतिशत हुने गरी सदस्यता विस्तार गर्ने ।
- प्रत्येक वडामा छनोट हुने क्षेत्रीय प्रतिनिधि मध्ये २० प्रतिशत ३० वर्ष मुनिका युवा रहने व्यवस्था मिलाउने ।
- महाधिवेशन प्रतिनिधि प्रत्येक जिल्लाको कुल महाधिवेशन प्रतिनिधिको कम्तीमा २० प्रतिशत ३० वर्ष मुनिका युवाहरू रहने गरी महाधिवेशनको सदस्य सङ्ख्या टुङ्ग्याउन जिल्ला कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
- केन्द्रीय महाधिवेशनमा कम्तीमा प्रत्येक प्रदेशबाट १-१ जना केन्द्रीय सदस्य ३० वर्ष मुनिका युवाबाट निर्वाचित हुने प्रबन्ध मिलाउने ।

१५ औँ महाधिवेशन नै सबैभन्दा उत्तम विकल्प हो । यसले अब आउने नेतृत्वलाई ताजा म्यान्डेट प्राप्त भई प्रभावकारी रूपमा पार्टीको नेतृत्व गर्ने वातावरण बन्नेछ । हाम्रा बिचका बिमतिहरू हटेर पार्टी एक ढिक्का हुनेछ । जेनजीलाई क्रियाशील सदस्यदेखि केन्द्रीय नेतृत्वसम्म ल्याउने आधार तयार हुनेछ । कतिपय नीतिगत विषयमा थप प्रष्टता आई पार्टीका नीतिहरू समसामयिक बन्दै जानेछन् । तल्लो तहदेखि सबै नेता, कार्यकर्ता तथा शुभेच्छुकमा नयाँ उर्जाको संचार हुनेछ । यसले टोल तहसम्म पार्टीका साथीहरूमा चलायमानता आउनेछ । यस केन्द्रीय कार्य समितिको बैठकमा यस विषयमा सर्वसम्मतबाट निर्णय लिन म विनम्र अनुरोध गर्दछु ।

## ३. विशेष महाधिवेशन

यो केन्द्रीय कार्य समिति बैठक नियमित अर्थात १५ औँ महाधिवेशनमा जान तयार नहुने हो भने, पार्टीलाई अहिलेको नै अवस्थामा धेरै अगाडि लान सकिदैन भन्ने तथ्यलाई नजरअन्दाज गर्नु पार्टीको लागि प्रत्युत्पादक हुनेछ । मुलुकमा उत्पन्न विशेष परिस्थितिबाट नेपाली कांग्रेस प्रभावित नहुने भन्ने हुन सक्दैन । पार्टीमा नेतृत्व परिवर्तन मात्र होइन, नीतिगत स्पष्टता पनि आवश्यक छ । त्यसका लागि नियमित महाधिवेशन नहुन सक्ने ठम्याइ हो भने विशेष महाधिवेशनबाटै भए पनि नेतृत्व र नीति परिष्कृत बनाउने बाटो अवलम्बन गरिनु पर्छ । विशेष महाधिवेशनको व्यवस्था नेपाली कांग्रेसको विधान ले नै गरेको छ । यसका लागि आवश्यकताको सिद्धान्त (Doctrine of Necessity) को आधारमा यही केन्द्रीय समितिले नै निर्णय गरेर विशेष महाधिवेशन मंसिरको अन्तमा गर्ने गरी तोकौँ । तर यसमा पनि युवाहरूलाई संलग्न गराउने गरी कार्तिक महिनामा ३० वर्ष मुनिका युवाले मात्र थप क्रियाशील सदस्यता पाउने गरी निर्धारण गरौँ । युवाको संलग्नताका लागि विशेष महाधिवेशनमा ३० वर्ष मुनिका क्रियाशील सदस्य मध्येबाट प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने गरि कम्तिमा ३३० जना महाधिवेशन प्रतिनिधि ल्याउने व्यवस्था गरौँ । प्रतिनिधि सभा निर्वाचन क्षेत्रले पाउने युवा महाधिवेशन प्रतिनिधिको सङ्ख्या केन्द्रले निर्धारण गर्ने र प्रतिनिधि छनोट गरी पठाउन केन्द्रीय प्रतिनिधि तोक्ने व्यवस्था मिलाऔँ । सबै प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट थपिने युवा महाधिवेशन प्रतिनिधिको छनोट मंसिर १५ सम्ममा सक्ने व्यवस्था गरौँ । युवा प्रतिनिधित्वसम्बन्धी अन्य व्यवस्था १५औँ महाधिवेशनमा युवा प्रतिनिधित्वको लागि मैले माथि प्रस्ताव गरे बमोजिम हुने गरी नेपाली कांग्रेसको विधान परिमार्जन गरी कार्यान्वयन गरौँ ।

## (ग) DiGi Youth Congress गठन

नेपाल युवा बहुल मुलुक हो । सूचना प्रविधिको तीव्र विकासको लाभ बाल्यकालदेखि लिएर हुर्केका युवाको सङ्ख्या मुलुकमा दिनप्रतिदिन बढ्दो छ । बढदो सूचना प्रविधिको उपयोगका कारण उनीहरूको मस्तिष्कको विकास, सोच्ने शैली, कार्यक्षमता नितान्त फरक हुँदै आएको छ । यो तुलनात्मक रुपमा सक्षम, जिम्मेवार र उन्नत सोच भएको पुस्ताले नै भोलिको नेपालको नेतृत्व गर्ने हो । त्यसैले यो पुस्ताको क्षमता अभिवृद्धि तथा उनीहरूको राष्ट्रिय राजनीतिमा संलग्नता बढाउनका लागि नेपाली कांग्रेसले वातावरण बनाउँदै लैजानु पर्दछ । युवाहरूमा आएको नवीनतालाई बुझेर उनीहरूको राय सल्लाह लिने तथा संगठित गर्ने संयन्त्र नेपाली कांग्रेसले निर्माण गर्न सकेको छैन । पछिल्लो समय ठूलो समूहमा युवाहरू नेपाली कांग्रेसको नजिक ल्याउन नसकिएको बुझ्न सकिन्छ । **जेन जी** विद्रोहको छनक नेपाली कांग्रेसले पाउन नसक्नुको मुख्य कारण नै यो उमेर समूह तथा वर्गका युवाहरूसँग नेपाली कांग्रेस जोडिन नसक्नु नै हो ।

आजका युवाले नै भोलि पार्टी तथा देशको नेतृत्व लिने हो । राजनीतिक नेतृत्व तथा देशको प्रशासनिक नेतृत्व लिन सक्ने क्षमता उनीहरूमा क्रमश विकास गर्दै लैजानु पर्दछ । यसका लागि युवा अवस्थादेखि नै उनीहरूलाई राज्य सञ्चालनका विधिहरू सिकाउदै लगेर सक्षम बनाउनु पर्दछ । विगतका अनुभवले हामीलाई भन्छ, नेपाली कांग्रेसका नेताहरू राजनीतिमा पोख्त तर शासन वा सरकार सञ्चालनमा कमजोर छन् । सरकार सञ्चालनमा पोख्त नेतृत्व तयार पार्नका लागि युवा अवस्थाबाट नै आवश्यक तयारी गर्नुपर्ने हुन्छ । साथै नेपाली कांग्रेसमा नयाँ प्रविधि, सोच, विश्व युवा आन्दोलन, युवाहरूका समकालीन मुद्धाहरू, समाज रुपान्तरणका विषयहरू पार्टीमा प्रवेश गराउने एक महत्वपूर्ण कडीको रुपमा युवाहरूलाई लिनु पर्ने हुन्छ । यसै आवश्यकतालाई आत्मसात गरी नेपाली कांग्रेसमा शुभेच्छुक संस्था वा भातृ संस्थाको रुपमा Digital Generation Youth Congress (DiGiYC) गठनको अवधारणा प्रस्ताव गरेको छु ।

यसमा ३० वर्ष मुनिका र विद्यालय तहको शिक्षा पूरा गरेका युवाहरूलाई सदस्यता दिएर प्रभावकारी रूपमा कांग्रेसले अपनत्व दिने गरि यो संगठनलाई अगाडि बढाऔँ ।

यस डिजिटल जेनेरसन युथ कांग्रेसले जेन जी पुस्ता मात्र होइन, त्यसपछिको जेनेरेसन अल्फालाई सँगै समेट्दै अगाडि बढ्नु पर्छ । नेपाली कांग्रेसले अहिलेको जेन जी पुस्ता मात्र होइन, अब वर्षौपछिका पुस्ताहरूलाई पनि सम्बोधन गर्न सक्ने नीतिहरू अवलम्बन गर्न थाल्नु पर्छ ।

## DiGiY कांग्रेसको सदस्यता

देहायका योग्यता पुगेका व्यक्तिहरू DiGiY कंग्रेसको साधारण सदस्य हुन सक्नेछन् ।

- ३० वर्ष मुनिका विद्यालय तहको शिक्षा पुरा गरेका युवाहरू,
- तोकिएको योग्यता पुगेका देश तथा विदेशमा रहने इच्छुक नेपाली युवाहरू,
- यसमा सबै सदस्यलाई समान प्रकृतिको सदस्यता उपलब्ध गराईनेछ ।

## DiGiY कांग्रेसको सांगठनिक स्वरूप

- प्रत्येक स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रमा DiGiY कांग्रेसको समिति रहनेछन्,
- DiGiY कांग्रेस गठन तथा सञ्चालनसम्बन्धी विधान तर्जुमा गरी सोही बमोजिम DiGiY कंग्रेस सञ्चालन हुनेछ,
- तत्कालको लागि ७७ जिल्ला, ७ प्रदेश र केन्द्रमा एक एक DiGiY कांग्रेस तदर्थ समिति गठन गरी कार्य आरम्भ गर्ने,
- तत्कालको लागि केन्द्रमा १ जना संयोजक रहने गरी १२५ सदस्यीय तदर्थ समिति, प्रदेशमा १ जना संयोजक सहित प्रत्येक जिल्लाबाट ५ जना सदस्य रहने गरी तदर्थ समिति, जिल्लामा १ जना संयोजक सहित प्रत्येक स्थानीय तहबाट ५ जना सदस्य रहने गरी तदर्थ समिति गठन हुनेछ,
- तदर्थ समितिले विधान पारित भएको ३ महिनाभित्रमा महाधिवेशन सम्पन्न गरी निर्वाचित समितिलाई जिम्मेवारी हस्तान्तरण गर्नेछ,
- DiGiY कांग्रेसमा इच्छुक सबै वर्ग, लिङ्ग, समुदाय तथा क्षेत्रका युवाहरू संलग्न हुनेछन्,
- DiGiY कांग्रेसको महाधिवेशन देशभरका सबै युवा सदस्यहरूको मतदानको आधारमा गर्ने प्रणाली विकास गरिनेछ,

- एक निर्वाचित समितिले अर्को समितिलाई समयमा नै जिम्मेवारी हस्तान्तरण गर्ने परिपाटीको अभ्यास DiGiY कांग्रेसले गर्नेछ,
- प्रत्येक स्थानीय तहमा स्थानीय DiGiY कांग्रेस गठन गर्ने जसमा १ जना संयोजक सहितको कम्तीमा २१ सदस्य रहने व्यवस्था गर्ने,
- प्रत्येक जिल्लामा एक जिल्ला DiGiY कांग्रेस गठन गर्ने जसमा १ जना संयोजक सहित प्रत्येक पालिकाबाट कम्तीमा २ जना सदस्य सहभागी हुने व्यवस्था मिलाउने,
- प्रत्येक प्रदेशमा प्रदेश DiGiY कांग्रेस गठन गर्ने जसमा १ जना संयोजक सहित प्रत्येक जिल्लाबाट ५ जनाका दरले सदस्यको सहभागिता व्यवस्था मिलाउने,
- केन्द्रमा १ जना संयोजक र तोकिएका पदाधिकारी सहित १०० जनाको कार्यसमिति निर्वाचित गर्ने,
- केन्द्रीय तदर्थ समितिले अन्य तदर्थ समितिसँग समेत राय लिई ३० दिनभित्र विधानको मस्यौदा नेपाली कांग्रेस केन्द्रीय समितिमा पेस गर्नेछ र नेपाली कांग्रेसबाट अनुमोदन भए पश्चात त्यसै विधानमा भएको व्यवस्था बमोजिम DiGiY कांग्रेसले आधिकारिक समिति गठन गर्नेछ ।

## DiGiY कांग्रेसको जिम्मेवारी देहाय बमोजिम हुनेछः

- युवाहरूका बीचमा राष्ट्रिय सवालहरूमा निरन्तर अन्तर संवादको आयोजना गर्ने,
- युवाहरूका बीचमा अन्तर्राष्ट्रिय समसामयिक विषय, अन्तर्राष्ट्रिय घटना तथा परिवेशका विषयमा चर्चा परिचर्चा गर्ने,
- विश्वको राजनीतिक, आर्थिक, सामाजिक पक्षहरूको गहन विश्लेषण गर्ने,
- आधुनिक प्रविधिको प्रयोग प्रति युवाहरूलाई अभ्यस्त गराउँदै लैजाने,
- विश्वविद्यालयमा अध्ययनरत तथा विभिन्न पेशा व्यवसायमा संलग्न युवाहरूलाई प्रजातान्त्रिक प्रणालीका बारेमा जानकारी गराउने,
- नेपालको राजनीतिक प्रणालीमा देखिएका समस्या तथा सुधारका विषयमा छलफल गर्ने,

- आधुनिक र उर्जाशिल युवाहरूलाई संगठित गरी सद्मार्गमा हिँडाउन भूमिका निर्वाह गर्ने,
- देशमा विद्यमान सामाजिक मुद्धाहरूमा गहन छलफल गर्ने,
- सरकार सञ्चालन तथा सुशासन प्रवर्द्धनका लागि युवाहरूलाई अनुशिक्षण तथा तालिम प्रदान गर्ने,
- नेपाल र विश्वका अन्य मुलुकका बीचमा भएका विकास निर्माण, प्रविधि, आर्थिक पक्ष आदिको तुलनात्मक विश्लेषण गर्ने,
- नेपाली कांग्रेस पार्टीका निर्णय र गतिविधिलाई युवामैत्री कसरी बनाउन सकिन्छ सुझाव दिने,
- DiGiY कांग्रेसले नेपाली कांग्रेसलाई नीति निर्माण तथा निर्णय निर्माणमा छलफलबाट प्राप्त सुझाव तथा निष्कर्ष उपलब्ध गराई युवामैत्री निर्णय लिन सहयोग गर्ने,
- सरकार सञ्चालनका विधि र प्रक्रियाका बारेमा युवाहरूलाई विभिन्न तालिम तथा अनुशिक्षण प्रदान गर्ने,
- सरकारलाई उपयोगी हुने नीति तथा कार्यक्रमहरू तयार पारी सुझाव दिने,
- प्राज्ञिक युवाहरूलाई संगठित गरी नेपाली कांग्रेस र प्रजातान्त्रिक प्रणालीलाई मजबुद बनाउँदै लैजान मद्धत गर्ने ।

## DiGiY कांग्रेसलाई पार्टीमा दिने भूमिका

- पार्टी सुधार तथा युवा सहभागिता वृद्धिमा नियमित सुझाव उपलब्ध गराउने,
- केन्द्रीय समितिमा DiGiY कांग्रेसको तर्फबाट २ जना केन्द्रीय सदस्य मनोनीत हुने प्रबन्ध गर्ने,
- स्थानीय चुनावमा DiGiY कांग्रेसका प्रतिनिधिलाई टिकटको प्राथमिकता दिने,
- प्रत्येक जिल्लाबाट २|२ जनाका दरले महाधिवेशन प्रतिनिधि आउन पाउने व्यवस्था गर्ने,
- पार्टीको नीति निर्माण तथा निर्णय निर्माणमा DiGiY कांग्रेसलाई संलग्न गराउने ।

## रिपोर्टिङ

- DiGiY कांग्रेसले पार्टी केन्द्रीय समितिमा वर्ष दिनमा आफुले सम्पादन गरेका काम र पार्टीलाई दिनु पर्ने सुझावहरू समावेश गरी वार्षिक प्रतिवेदन बुझाउनु पर्नेछ ।

## ५. नेपाली कांग्रेसको पुनरूत्थानका लागि दीर्घकालीन दृष्टिकोण

नेपाली कांग्रेसलाई पुर्नजीवन दिनका लागि विशेष दृष्टिकोण आवश्यक देखिएको छ । यसलाई खण्डित र असान्दर्भिक हुनबाट रोक्न पार्टीमा अस्वभाविक रूपमा जरा गाडेर बसेको अनुदार, असहिष्णु, असान्दर्भिक, अतिवादी सोचलाई त्याग्नु आवश्यक छ । यसका लागि ठूलो त्याग एवं समर्पणको आवश्यकता छ । विशेष पहल विना पार्टीमा देखिएको यो विग्रह तथा बिचलनको अन्त्य सम्भव छैन । यसलाई साँचो अर्थको प्रजातान्त्रिक शक्तिको रूपमा विकास गर्न सशक्त वैचारिक सङ्घर्ष तथा सुधार अत्यावश्यक छ ।

नेपाली कांग्रेस पुनःरूत्थान अभियान देशका सबै व्यक्ति व्यक्ति, घरघर र टोलटोलमा पुऱ्याउनु आवश्यक छ । नेपाली कांग्रेसको शत्रु हामी आफैमा आएको सैद्धान्तिक विचलन र नैतिकताको ह्रास हो भन्ने तथ्यलाई आत्मसात गर्दै यसको ओजलाई मौलिक अवस्थामा नै फर्काई देश र जनताले भरोसा गर्न सक्ने पार्टी बनाउनु आवश्यक छ । बलियो, जनविश्वासमा आधारित एवम् सक्षम कांग्रेसबाट मात्र देशमा गरिबी, बेरोजगारी एवम् सबै प्रकारको असमानता अन्त्य गर्दै समृद्ध, सुखी, खुशी र समतामूलक तथा समुन्नत नेपाल निर्माण गर्ने हाम्रो अतृप्त चाहना पूरा हुनेछ । त्यसैले दीर्घकालमा कांग्रेसको पुनःरूत्थानका लागि चाल्नुपर्ने कदमहरूको सविस्तार चर्चा तल गरिएको छ ।

### (क) सदस्यता :-

नेपाली कांग्रेसको सदस्यतालाई सहज बनाइनु पर्दछ । पार्टीको सिद्धान्त मान्ने प्रतिवद्धता व्यक्त गर्ने जुनसुकै नेपाली नागरिकलाई पार्टीको सदस्यता दिईनु पर्दछ । पार्टीका सदस्यता लिन चाहनु भनेको नेपाली कांग्रेसको सिद्धान्तप्रति प्रतिवद्ध हुन चाहेको भनेर बुझ्नु पर्दछ । पार्टीको सदस्यतालाई एउटा मात्र बनाऔं अहिलेको जस्तो वर्गीकरण नगरौं । नेपाली कांग्रेसको सदस्य लिने व्यवस्था सधै खुला राखौं र यसलाई भौतिक वा अनलाईन जुनसुकै उपायबाट लिन सक्ने गरी व्यवस्था गरिनु पर्दछ । महाधिवेशनको

समयमा प्रत्येक वडामा रहेका सदस्यहरू सबैले मतदान गरेर पार्टीको विधान बमोजिमको प्रतिनिधि छनौट गर्ने व्यवस्था गरौं, त्यही प्रतिनिधि नै अहिलेको क्रियाशील सदस्य जस्तो हुनेछ र उसैले पार्टी नेतृत्व चयनमा भूमिका खेल्नेछ । महाधिवेशन हुने वर्षमा सदस्यता वितरण गर्दा प्रतिनिधि छनोट तथा नेतृत्व चयनमा विभिन्न अप्ठ्याराहरू आउन सक्ने भएकाले महाधिवेशनको वर्षमा सदस्यता वितरण नगर्ने व्यवस्था मिलाऔँ ।

पार्टीमा प्रवेश गर्न चाहने हरेक व्यक्तिलाई नेपाली कांग्रेसमा आवद्ध हुनु भनेको देश र जनताको सेवाको लागि समर्पित हुनु हो भन्ने तथ्यमा स्पष्ट पारेर मात्र सदस्यता दिने । पार्टीमा संलग्नता कुनै लाभको लागि होइन भन्ने प्रतिवद्धता सबै व्यक्तिसँग लिनु आवश्यक छ । साथै नेपाली कांग्रेसमा आवद्ध सबै व्यक्तिले पालना गर्नुपर्ने आचारसंहिता लागु गरिनु पर्दछ । पार्टीमा आवद्ध प्रत्येक सदस्यको अहिलेको मनोविज्ञानमा परिवर्तन गरेर सेवा तथा त्यागको भाव जागृत गराउनु आवश्यक छ ।

## (ख) संगठन संरचना :-

नेपाली कांग्रेसले टोलदेखि केन्द्रसम्म विभिन्न तहका कार्य समिति गठन गरेको छ । कार्य समितिका अलाबा यसले कार्य सम्पादन समिति, संसदीय समिति, अनुशासन समिति, लेखा समिति, सम्पर्क समिति, संसदीय समिति र विभिन्न विभागहरू गठन गरेको छ । यस्ता संरचनाले के काम गर्ने भन्ने विषय विधानमा तोकिएको छ । त्यस्तै भातृ संगठन, शुभेच्छुक संस्था लगायतका कैयन संस्थाहरू पनि क्रियाशील छन् । विदेशमा रहेका नेपालीलाई समेट्न पनि सदस्यता प्रदान गर्ने देखि सम्पर्क समितिसम्म रहने व्यवस्था गरिएको छ ।

यावत संरचना, संगठन तथा कार्यविभाजन हुँदा पनि पार्टीको साख गिर्दो छ । टोलदेखि राष्ट्रिय स्तरसम्म समिति र संरचना बन्दै जाने तर पार्टी कमजोर हुँदै जाने एक प्रकारको विडम्बना नै भएको छ । यस्तो विरोधाभाषपूर्ण अवस्थाबाट समयमा नै पाठ सिक्नु जरूरी छ । पार्टी पंक्तिमा जागरूकता निकै कम छ । केबल पार्टी चुनाव, स्थानीय निर्वाचन वा आम निर्वाचनमा मात्र यस्ता संरचना क्रियाशील देखिन्छन । त्यसमा पनि गएका केही निर्वाचनको अनुभव हेर्दा पार्टीको उम्मेदवारले व्यक्तिगत प्रयत्नमा चुनाव लडनु परेको दुखद अवस्था छ । यत्रा संरचना छन् तिनलाई पर्याप्त मात्रामा चलायमान बनाउन सकिएको छैन । सांगठनिक संरचनालाई सक्रिय, सुसूचित, जिम्मेवार र उत्तरदायी बनाउन सकिएको छैन ।

पार्टीका सबै संरचनालाई कार्य जिम्मेवारी तोकेर दिने । कार्य सम्पादनको रेकर्ड राख्ने र राम्रो काम गर्ने संगठन तथा नेतृत्वलाई सम्मान तथा पुरस्कृत गर्ने । भातृ संगठन तथा शुभेच्छुक संस्थाको निर्वाचन तोकिएको अवधिमा गराउने । कुनै पनि समिति गठन निर्वाचन बाहेकका विधिबाट नगर्ने । भातृ संगठनको नेतृत्वले तोकिएको जिम्मेवारी पूरा नगरे समयमा नै नयाँ निर्वाचन गराई लोकतन्त्रको बलियो अभ्यास गराउने तर्फ पार्टीले विशेष ध्यान दिनु पर्दछ ।

## (ग) पार्टीको निर्वाचन तथा नियमित नेतृत्व परिवर्तन :-

बहालवाला नेतृत्वले संगठनको परिचालन आफ्नो अनुकूलतामा गर्ने गरेको देखियो ताकि आफुले नेतृत्व छाड्न नपरोस् । एउटै व्यक्तिले लामो समयसम्म पार्टीको नेतृत्व लिँदा नयाँ व्यक्ति तथा नयाँ पुस्ताले पार्टीको नेतृत्वमा पुग्ने अवसर नै पाउन सकेन । नयाँ योग्यता, क्षमता, अनुभव र सोचलाई पार्टी नेतृत्वमा पुग्ने अवसर प्रदान गर्नका लागि सामान्यत मुख्य पदहरूमा नेतृत्व (उहि व्यक्ति समान पदमा) नदोहरिने वातावरण बनाउँदै लैजाउँ । निर्धारित समयमा निर्वाचन गर्नै पर्ने र भविष्यमा निर्वाचनको समयमा पुरानो समिति स्वतः भङ्ग हुने र निर्वाचन स्वतन्त्र विज्ञहरूको नेतृत्वमा हुने प्रणाली विकास गरौं जसले निष्पक्ष निर्वाचनको सुनिश्चितता गर्नेछ ।

मैले पहिल्यैदेखि उठाउँदै आएको विषय क्रियाशील सदस्यबाट नेतृत्व चयनको हो, यसलाई क्रमशः लागु गरिनु पर्दछ । मेरो दृष्टिकोण केन्द्रीय सभापति सबै क्रियाशील (सानो सङ्ख्याका प्रतिनिधिबाट होइन) सदस्यको प्रत्यक्ष मतदानबाट छनोट हुनु पर्दछ भन्ने हो त्यसको सान्दर्भिकता अहिले झन बढेर गएको छ । यसले मात्र नेपाली कांग्रेसलाई आम कार्यकर्तासँग वास्तविक अर्थमा जोडने छ । पार्टीका केन्द्रीय समितिका अन्य पदाधिकारी पनि क्रमशः देशभरका क्रियाशील सदस्यबाट निर्वाचित हुने व्यवस्था मिलाउने तर्फ छलफल गरौं अथवा अहिलेको भन्दा ठूलो सहभागितामा केन्द्रीय पदाधिकारी छानौं । केन्द्रीय सदस्यलाई पनि सकिन्छ भने क्रियाशील सदस्यबाट निर्वाचित गरौं सकिँदैन भने फराकिलो इलोक्टोरल प्रणाली विकास गरी तिनको मतको आधारमा निर्वाचित हुने प्रणाली बसालौं । साथै जिल्ला सभापतिलाई सबै क्रियाशील सदस्यले प्रत्यक्ष निर्वाचनबाट छान्ने व्यवस्था मिलाऔं । यसले रणनीतिक रुपमा एउटै व्यक्ति तथा समूहले पार्टीको नेतृत्व जीवनभर कब्जा गर्ने अवस्थाको अन्त्य हुन्छ भने पार्टीमा नयाँ र उर्जाशिल नेतृत्व विकास हुनुका साथै नेतृत्व देशभरका कार्यकर्ता प्रति नेतृत्व जिम्मेवार बन्न बाध्य हुने अवस्था आउँछ । मूलत यसले पार्टीमा सधै हुने

संस्थापन तथा बहुमतको अस्वभाविक र अघोषित कब्जाबाट मुक्त हुने सुवर्ण अवसर प्राप्त हुन्छ ।

## नियमित नेतृत्व परिवर्तनको आधार तयार पार्ने

नेपालका मुख्य राजनीतिक दलमा नेतृत्व परिवर्तनको आवृत्ति निकै कमजोर देखिएको छ । दशकौँसम्म उहि अनुहारले नेतृत्व गर्दै गरेको अवस्था देख्दा जनतामा एक प्रकारको निराशा र आक्रोस बढेको पाउन सकिन्छ । नेपाली कांग्रेस जस्तो प्रजातान्त्रिक पार्टीमा पनि एउटै नेतृत्व वा उहि पुस्ताले दशकौँ नेतृत्व गर्ने अवस्था कसरी सिर्जना भयो त्यसको गहन समीक्षा गरिनु पर्दछ । प्रणाली भन्दा पनि व्यक्ति यति धेरै बलियो कसरी र किन भयो, यो खोजीको विषय हो । संसदमा पनि समानुपातिक प्रणाली रहँदा नेताले आफ्नो अनुकूलको पात्रलाई सांसद छान्न सक्ने अवस्था बन्न पुग्यो जसले संसदीय दलमा समेत प्रभाव पार्न पुग्यो । लोकतान्त्रिक पार्टीमा नेतृत्व परिवर्तनमा देखिएको कठिनाईको उचित सम्बोधन हुनु पर्दछ ।

नेतृत्व विस्तारै तल्लो पुस्तामा हस्तान्तरण हुँदै जानका लागि पार्टीको विधानमा भएका व्यवस्था, संविधान तथा कानुनमा भएका कमजोरी तथा त्यसको अभ्यासमा भएका त्रुटिहरू जिम्मेवार हुन भने त्यस्ता व्यवस्थाहरू पहिचान गरी परिमार्जन गरिनु पर्दछ । पार्टी अर्थात् समग्र पार्टी प्रणाली कमजोर हुने तर अमुक व्यक्ति शक्तिशाली भएर पुरै पार्टी प्रणाली आफु अनुकूल बनाउन  सक्ने अवस्था कसरी सिर्जना भयो । यस्ता जति पनि कमजोरीयुक्त प्रावधानहरू छन् त्यसलाई संशोधन गर्ने तर्फ विशेष ध्यान दिनु आवश्यक छ ।

## यसका लागि देहायका विषय प्रस्ताव गर्न चाहन्छु;-

- क्रियाशील सदस्यबाट निर्वाचित हुनुपर्ने व्यवस्था भएमा पटक पटक एउटै व्यक्ति पार्टीको पदमा पुग्न कठिन हुन्छ ।
- प्राईमरीको आधारमा सरकारका सबै तहमा पार्टीले दिने उम्मेदवार छनोट हुने अभ्यास गरेमा नेतृत्वले चाहेको व्यक्ति छानिने वा एउटै व्यक्ति पटक पटक छानिने सम्भावना कम हुन जान्छ ।
- उम्मेदवारका लागि निश्चित आचरण र योग्यता तोकेर जान सकेमा क्रमशः नयाँ पुस्ताले स्थान पाउन सहज हुनेछ ।

- स्थानीय तहमा वडा सदस्य, वडा अध्यक्ष, नगरपालिका प्रमुख, उपप्रमुख, गाउँ पालिका अध्यक्ष तथा उपाध्यक्षमा एकै व्यक्तिलाई दोहऱ्याएर टिकट दिने भन्दा नयाँ उमेदवारलाई प्राथमिकता दिने गरी व्यवस्था गरौँ ।
- प्रदेश सभा सदस्यमा एक व्यक्तिलाई दुई पटक भन्दा बढि टिकट नदिने व्यवस्था गर्ने ।
- प्रदेशमा मन्त्री तथा मुख्य मन्त्री दुई पटक भन्दा बढि हुन नपाउने व्यवस्था गर्ने ।
- सङ्घीय संसदमा बढिमा ४ पटक भन्दा बढि एउटै व्यक्तिलाई टिकट नदिने व्यवस्था गरौँ ।
- एउटै व्यक्ति बढिमा ३ पटक भन्दा बढि मन्त्री हुन नपाउने प्रबन्ध मिलाऔँ ।
- एउटै व्यक्ति बढिमा २ पटक भन्दा बढि प्रधानमन्त्री हुन नपाउने व्यवस्था गरौँ ।
- एउटै व्यक्ति १ पटक भन्दा बढि राष्ट्रप्रमुख हुन नपाउने प्रबन्ध मिलाऔँ ।
- कतिपय अवस्थामा कुलिङ्ग पिरियड राखेर पनि नेतृत्व परिवर्तनलाई प्रोत्साहित गर्न सकिन्छ ।
- पार्टीमा उमेरको हद पनि नेतृत्व हस्तान्तरणको एक उपयुक्त विकल्प बन्न सक्छ ।

यी र यस्तै व्यवस्था पार्टीको विधान र देशको कानुनमा गर्न सकेमा भविष्यमा स्वभाविक नेतृत्व परिवर्तनको प्रणाली विकास भई नयाँ पुस्तामा नेतृत्व सहजै हस्तान्तरण हुनेछ ।

## (घ) संसदीय बोर्ड लगायत मुख्य समितिहरू निर्वाचित हुने व्यवस्था गरौँ

टिकट वितरणका लागि गठन हुने संसदीय बोर्ड महाधिवेशनबाट नै निर्वाचित हुने गरी विधान संशोधन गरौँ । संसदीय बोर्डमा रहने सभापति र पदाधिकारी बाहेकका सबै सदस्य महाधिवेशनबाट छानिने व्यवस्था भएमा टिकट वितरणमा शक्ति सन्तुलन कायम हुन जानेछ । त्यसै गरी अनुशासन समिति, लेखा समितिलाई सभापति प्रति होइन पार्टी

प्रति उत्तरदायी बनाउनका लागि यस्ता समितिहरू महाधिवेशनबाट नै निर्वाचित हुने व्यवस्था हुन पर्दछ ।

## (ङ) पार्टीमा निर्णय प्रणाली :-

पार्टीले लिने निर्णयले पार्टी जीवनको प्रतिनिधित्व गर्दछ, यसको परिपक्वता झल्कन्छ र यसको सान्दर्भिकता पनि प्रष्ट हुन्छ । निर्णय लिने प्रक्रियाले पार्टीभित्रको लोकतन्त्र उजागर हुन्छ । नयाँ नेतृत्व विकास गर्न मद्धत पुग्दछ । निर्णयमा स्वीकार्यता बढ्छ, समर्थकको मनोबल उच्च हुन्छ, आम जनतामा पार्टीप्रतिको विश्वास तथा आकर्षण वृद्धि हुन्छ ।

पछिल्लो समयमा लोकतान्त्रिक पार्टीको निर्णय प्रक्रियामा अलोकतान्त्रिक अभ्यास बढ्दै गएको छ । शीर्ष नेतृत्वले साँघुरो घेरा वा आफ्ना अनुकूलका व्यक्तिसँगको छलफलको निचोडको आधारमा समग्र पार्टीलाई चलाउने अभ्यास बढ्दै गएको देखिन्छ । कुनै पनि विषयलाई छलफलमा लगेर सबैको राय सल्लाह लिएर निष्कर्षमा पुग्ने भन्दा पनि पूर्व तयारी गरिएको निर्णय सुनाउने थलोको रूपमा पार्टीलाई उपयोग गर्ने गरिएको छ । जसले गर्दा निर्णयको स्वामित्व कसैले नलिने र पार्टीका निर्णय विवादमा पर्ने वा कार्यान्वयन नहुने अवस्थामा पुगेको छ ।

आगामी दिनमा यो गलत परम्परालाई तोडेर सामूहिक निर्णय प्रणाली लागु गरिनु पर्दछ । दूरगामी महत्वका निर्णय लिनु अघि सबै समर्थक तथा शुभेच्छुक तथा विद्धत वर्गसँग राय लिनका लागि सार्वजनिक आव्हान गर्ने परिपाटी समेत बसाल्नु आवश्यक छ ।

## (च) पार्टीमा सिद्धान्त र आदर्श :-

पार्टीको आत्म भनेको यसको सिद्धान्त र आदर्श हो । सिद्धान्त प्रष्ट, समय सापेक्ष, जनताले बुझ्ने, देशको हित गर्न सक्ने, जनताको भावनाको कदर गर्न सक्ने भएमा उक्त पार्टीमा जनताको आकर्षण हुन्छ र साथै देशले पनि निकास पाउँछ । नेपाली कांग्रेसले अंगिकार गरेको सिद्धान्त नेपालको भूराजनीतिक अवस्थिति, जनताको चाहना, विश्व परिवेश अनुकूल भएकाले आजसम्म पनि उत्तिकै सान्दर्भिक देखिएको छ । नेपालमा स्थापना भएका कम्युनिष्ट पार्टीका सिद्धान्तहरू निरन्तर असान्दर्भिक हुँदै गएको देखिन्छ ।

कुनै समय पार्टी प्रतिवन्धित थियो तर देश कांग्रेसमय थियो । नेपाली कांग्रेसले गर्ने सानो निर्णयबाट देश तरंगित हुन्थ्यो । नेपाली कांग्रेसले लिने निर्णयबाट देशमा उथलपुथल आउँथ्यो । कांग्रेसको निर्णयको प्रतिक्षामा राणा, पञ्चायतकालका राजा, अन्य दल तथा विश्व समुदाय रहने गर्दथ्यो । यसरी प्रतिवन्धित हुँदा, सत्तामा रहँदा वा प्रतिपक्षमा रहँदा कांग्रेसको भूमिका यस मुलुकको केन्द्रमा रह्यो । अर्थात विगतमा देश कांग्रेसको नीति, सिद्धान्त र आदर्शको वरिपरि घुम्दै गरेको पाइन्छ ।

पछिल्लो समयमा कांग्रेस प्रतिक्रियामा सिमित भएको टिप्पणी बढेको छ । लाखौं क्रियाशील सदस्य छन् तर यसको गतिशिलता विस्तारै शिथिल बन्दै गएको छ । मुलुकको आवश्यकता, आम नागरिकको चाहना, पार्टी सदस्यहरूको भावना भन्दा पनि नेतृत्व सीमित स्वार्थमा अलमलिएको देखिन्छ । अहिले लाखौंको सङ्ख्यामा रहेका सदस्यलाई परिचालन गर्ने, उनीहरूमा उर्जाको सञ्चार गर्ने तर्फ ध्यान पुग्न सकेन ।

राष्ट्रियता, लोकतन्त्र र प्रजातान्त्रिक समाजवाद हाम्रो घोषित नीति हो । यी आधारभूत सिद्धान्तमा नेपाली कांग्रेसले अन्य दल तथा शक्तिसँग सम्झौता गर्नु हुँदैन । कतिपय अवस्थामा अस्वभाविक मिलेमतो गर्दा पार्टीलाई ठूलो क्षति भएको छ भने आम जनताले पार्टीहरूमा अन्तर देख्न नै छाडेका छन् । अन्य पार्टी र नेपाली कांग्रेसमा ठूलो भिन्नता रहेको तथ्यलाई हामीले बुझाउन सक्नु पर्दछ ।

प्रजातान्त्रिक समाजवाद कांग्रेसको मौलिक आर्थिक नीति हो । प्रजातान्त्रिक समाजवादले उत्पादन बढाएर वितरणमा समानता कायम गर्ने गरी आर्थिक समता तथा न्यायको वकालत गरेको छ । यसले पुँजीवाद र साम्यवादको बीचको बाटो रोजेको छ । तर कांग्रेसले आफ्नै मौलिक आर्थिक सिद्धान्त प्रजातान्त्रिक समाजवादको बारेमा पर्याप्त चर्चा परिचर्चा गर्न समेत सकेको छैन । नेपाली कांग्रेसले प्रजातान्त्रिक समाजवादलाई प्रष्ट ढङ्गबाट परिभाषित गरी सही अर्थमा कार्यान्वयन गर्ने या पुँजीवादी सिद्धान्तलाई अंगिकार गरी त्यसभित्र सामाजिक समानतालाई आदर्श बनाउनु आवश्यक छ ।

## (छ) प्रशिक्षण

नेपाली कांग्रेस गतिशिल पार्टी हो । यसका समर्थक तथा शुभेच्छुक सबै परिवर्तनका पक्षधर हुन् । पार्टीका सिद्धान्त र आदर्शका साथै देश विदेशका समसामयिक विषयमा नेपाली कांग्रेसका हरेक समर्थक जानकार हुनु जरूरी छ । क्रियाशील सदस्य, कार्यकर्ता

तथा नेतामा राजनीतिक, आर्थिक, सामाजिक विषयको न्यूनतम ज्ञान हुनु पर्दछ । देशभरका कार्यकर्ताको बुझाई मुख्य विषयमा समान हुनु पर्दछ । यसका लागि पार्टीका नीति के हुन् ? पार्टीको सिद्धान्त र आदर्श के हो ? विकासका समसामयिक अभ्यास कस्तो छ ? हाम्रो मुलुकको सम्भावना र समस्या के हुन् ? विपक्षी दलको रणनीति के छ तथा उनीहरूका कमजोरी, सबल पक्ष र उनीहरूले गरेका सुधारका काम के हुन् ? विश्वमा के कस्ता राजनीतिक, आर्थिक तथा सुरक्षासम्बन्धी व्यवस्थाहरू अभ्यासमा छन् ? नयाँ नयाँ प्रविधिहरू के विकास भएको छ ? नेपाली कांग्रेसका सरकारले गरेका राम्रा काम र कमजोरी के के हुन् ? कसरी जनताको बिचमा पुग्न सकिन्छ ? आर्थिक उन्नयनको बाटोमा आफू कसरी पुग्ने र समाजलाई कसरी पुऱ्याउने ? समाजमा शिक्षा, स्वास्थ्य, आर्थिक क्रियाकलापमा कसरी सुधार ल्याउन सकिन्छ ? दलित, जनजाति, श्रमिक, गरिब, पिछडिएको समुदायको उत्थानमा पार्टीको नीति के छ र त्यसमा स्थानीय स्तरमा कसरी काम गर्ने ? आदि जस्ता विभिन्न समसायिक विषयमा पार्टीका सदस्य तथा क्रियाशील सदस्यलाई राम्रो जानकारी हुनुपर्दछ । यसका लागि हरेक तहका नेता तथा कार्यकर्तालाई माथि उल्लेखित विषयमा नियमित प्रशिक्षण दिने परिपाटी विकास गरिनु पर्दछ ।

## (ज) तीन तहको सरकारका लागि उम्मेदवार छनोट तथा निर्वाचन :-

संसदीय प्रणाली अवलम्बन गरेका हाम्रो जस्तो मुलुकमा आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गराउन संसदमा बहुमतको अवाश्यकता पर्दछ । संसदमा बहुमत पनि पुऱ्याउने र प्रतिनिधित्व गर्ने व्यक्तिमा औसत चेतनाको स्तर सकेसम्म आम नेपालीको भन्दामाथि हुनु पर्दछ । जनताको दुखः मर्का बुझ्न सक्ने, विकासको ज्ञान भएको, बाह्य विकास अभ्यास पनि जानकारीमा रहेको, आफ्नो कर्म गरेर खाने अर्थात् राजनीतिलाई पेसाको रूपमा ग्रहण नगर्ने व्यक्ति उम्मेदवार बन्नु पर्दछ । साथै व्यक्तिगत जीवनमा पनि इमान्दार र पारदर्शिता कायम गर्न सक्ने व्यक्ति छनोटमा पर्नु पर्दछ ।

प्रदेश र सङ्घीय संसदको लागि उम्मेदवार छनोट Primary को आधारमा गर्ने परिपाटी विकास गरौँ (यस विषयलाई मैले २०८० फागुन ७-१० मा भएको महासमिति बैठकमा **'महासमिति बैठकले लिनुपर्ने थप सङ्कल्प'** शीर्षकमा लिखित रूपमा समेत प्रस्तुत गरेको थिए) । नेताले पत्याएको होइन जनताले पत्याएको तथा जित्ने सम्भावना भएको व्यक्तिलाई टिकट दिन विशेष प्रबन्ध मिलाऔँ । संविधानमा रहेको यो कहिल्यै कसैको बहुमत नआउने प्रणाली संशोधन गरिनु पर्दछ । बहुदलीय र संसदीय प्रणाली भन्ने तर

कहिल्यै कुनै दलको बहुमत नआउने अवस्था भएको कानुनी व्यवस्था राख्नु मुलुकको लागि लाभदायक हुँदैन । संविधान संशोधनमार्फत हाम्रो निर्वाचन प्रणालीमा परिमार्जन गरी सामान्यत कुनै एक दलको बहुमत आउन सहज हुने व्यवस्था मिलाउनु पर्दछ ।

## (झ) लोकतान्त्रिक शक्तिको सदृढीकरण तथा सहकार्य वृद्धि

नेपालमा २०४६ को परिवर्तनका समयमा कमजोर देखिएको गैरप्रजातान्त्रिक शक्ति क्रमशः विस्तार हुँदै गएको देखिन्छ । नेपाली कांग्रेसले समय समयमा लिएका गलत नीति र निर्णयका कारण पनि गैरलोकतन्त्रवादीहरूको प्रभाव नेपालमा बढ्दै गयो । नेपाली कांग्रेसले लोकतन्त्र, खुला बजार, मानव अधिकार, व्यक्तिगत स्वतन्त्रता, निजी सम्पत्तिको संरक्षण, पुँजी निर्माण आदिलाई आफ्नो नीतिको रूपमा प्रष्ट्याउन सकेन । देशमा गैरप्रजातान्त्रिक शक्तिहरूको बाहुल्यता रहँदासम्म शान्ति, समृद्धि र स्थायित्वको लक्ष्य हासिल गर्न प्रायः असम्भव नै रहन्छ । त्यसैले देशमा प्रजातान्त्रिक सिद्धान्त बोकेका राजनीतिक शक्तिको प्रभाव वृद्धि गरिनु पर्दछ । नेपाली कांग्रेसले आगामी दिनमा प्रजातान्त्रिक शक्तिहरूस‘गको सहकार्यलाई बढाउँदै लैजाने छ । विभिन्न तहको निर्वाचनमा पार्टीले एक्लै प्रतिस्पर्धा गर्नेछ र यसका लागि पार्टीलाई सक्षम बनाइनेछ । यदि कुनै परिस्थितिमा चुनावी तालमेल गर्न परेको खण्डमा लोकतन्त्रप्रति प्रतिवद्ध विचार मिल्ने राजनीतिक शक्तिसँग मात्र तालमेल गरिनेछ । सिद्धान्त र विचार नमिल्नेसँग गरिएको तालमेलले चीरकालमा जनतालाई भ्रमित तुल्याई पार्टीमा नकारात्मक प्रभावपर्ने जोखिम रहेकाले यसलाई सच्याएर लगिनेछ ।

# ६. सरकारमा मेरा १४ महिना

२०८१ साल असार ३१ गते नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको केपी शर्मा ओली नेतृत्वको सरकारमा मलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारी दिने पार्टी नेतृत्व, सम्पूर्ण पार्टी र मलाई निर्वाचित गर्नु हुने काठमाडौं क्षेत्र नम्बर ५ का मतदाताप्रति म हार्दिक आभार व्यक्त गर्दछु ।

सरकारमा रहँदा मैले लिएका नीति र निर्णयहरूका सबालमा पार्टीले निरन्तर पुर्‍याएको सहयोग र समर्थनका लागि पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नेपालको स्वास्थ्य क्षेत्रको सुधारका लागि मैले जिम्मेवारीमा रहँदा राम्रो गर्ने प्रयास गरेँ जसबाट केही महत्वपूर्ण उपलब्धि हासिल भएका छन् भने स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासको जग

निर्माण भएको छ । विशिष्टिकृत स्वास्थ्य सेवा (क्यान्सर, मिर्गौला, जलन, मुटु आदि) लाई काठमाडौँ बाहिर सातै प्रदेशमा पुऱ्याउने गरी विभिन्न अस्पतालबाट सेवा सुरू भएको छ, बिरामीले अस्पतालमा पाउने सेवालाई सहज बनाउन उपलब्ध स्रोत साधनको उचित व्यवस्थापन गरी उपचार सेवा सहज पाउने अवस्था सिर्जना गर्न गरेको प्रयासले सकारात्मक नजिता दिएको छ, बाल क्यान्सरको निःशुल्क उपचार प्रबन्ध, महिला स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क यातायात प्रबन्ध, राष्ट्रिय खेलाडीका लागि निःशुल्क स्वास्थ्य परीक्षण, थारू समुदायको लागि सिकलसेल एनिमियाको निःशुल्क उपचार सुरू, स्वास्थ्य क्षेत्रमा विगत दशकौँदेखि स्वास्थ्यकर्मीको दरबन्दी थप्न नसकेर भएको अप्ठ्यारो केही हदसम्म हल गर्न ५ वर्षमा १२ हजार स्वास्थ्यकर्मी थप्ने योजना अनुसार यस वर्ष २१ सय जनशक्तिको दरबन्दी थप गर्ने निर्णय मन्त्रीपरिषद्बाट भएको छ, ठूला अस्पतालमा अस्थायी दरबन्दी थपको प्रबन्ध गरिएको छ, फागुन महिनामा नसर्ने रोगको देशव्यापी निःशुल्क नियमित स्कृनिङ्, साउन महिना डेंगु सचेतना महिना लगायतका विभिन्न नियमित अभियान आरम्भ भएको, पाठेघरको क्यान्सर विरूद्धको खोप अभियान नेपालमा आरम्भ (गत वर्ष १५ लाख ६० हजार १० देखि १४ वर्षका युवतीलाई यो खोप लगाएको) भएको छ, भवन बनेर अस्पताल सञ्चालन हुन नसकेका स्थानमा उपकरण तथा जनशक्ति प्रदान गरी अस्पताल सञ्चालनमा ल्याएको, भवन सम्पन्न हुन नसकेका स्थानमा बजेटको प्रबन्ध गरी भवन सम्पन्न हुने वातावरण मिलाएको, आयुर्वेदको विकास, आयुर्वेदिक औषधी उत्पादन वृद्धिमा जोड दिनुका साथै राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्र सुरूवात गरेको, PET/CT स्क्यान सेवा सुरू गर्न बजेटको प्रबन्ध मिलाइएको, वैदेशिक रोजगारीमा गएकाहरूलाई परामर्श केन्द्र स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउन वैदेशिक रोजगार बोर्डसँग सम्फौताका लागि प्रस्ताव गरिएको, रोजगारीको लागि विभिन्न मुलुकमा गएका आप्रवासी श्रमिकहरूको उपचार जिम्मा कार्यक्षेत्रमा रहेको अवधिमा रोजगारदाताले लिनुपर्ने प्रस्ताव विश्व स्वास्थ्य संगठन (WHO) मा लाने गरी प्रस्ताव तयार गरिएको, Inplant को मूल्य निर्धारणका लागि समिति बनाई कार्य भईरहेको, नेपालमा पहिलोपटक निःसन्तान उपचार सेवा (IVF) लाई व्यवस्थापन गर्न मापदण्ड बनाई लागु गरिएको, स्वास्थ्य बीमा कार्यक्रममा सुधार गरी जटिल आठ प्रकारका रोगमा २ लाख बराबरको उपचार सेवा पाउने व्यवस्था मिलाइएको, विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रमलाई स्वास्थ्य बीमासँग एकीकृत गरी लक्षित वर्गले सहजै उपचार सेवा पाउने प्रबन्ध गरेको र स्वास्थ्य बीमा सेवामा सहजता ल्याउन विभिन्न नीतिगत, कानुनी तथा प्रक्रियागत सुधारले यस क्षेत्रमा आशाको सञ्चार भएको,

तीन तहका सरकार बीच स्वास्थ्यमा सहकार्यको वातावरण बनाएको, नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि विज्ञहरूको सहयोगमा २१ वटा निर्देशिका, कार्यविधि, मापदण्ड, रणनीति आदि मन्त्रीस्तरबाट स्वीकृत गरी लागु गरेको, १५ वटा कानुन मन्त्रीपरिषद्बाट स्वीकृत गराई लागु गरेको, कानुनको सैद्धान्तिक सहमति लिई स्वास्थ्य सेवा ऐन, प्रत्यायन ऐन, स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, औषधी तथा स्वास्थ्य सामग्री व्यवस्थापन ऐन, एकीकृत अस्पताल सञ्चालन ऐन आदि तर्जुमा भई मन्त्रालयले विभिन्न निकायबाट राय लिने काम भई रहेको, सुर्तिजन्य पदार्थ ऐन, आमाको दुधलाई प्रतिस्थापन गर्ने ऐन, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, स्वस्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन लगायतका ऐनहरू संशोधनको तयारी पुरा भएको, ८२ वटा नीतिगत निर्णयहरू मन्त्रीस्तरबाट स्वीकृत गरेको, औषधीको मूल्य समायोजन गर्न स्वच्छ औषधी मूल्य नियमावली, २०८२ अर्थ मन्त्रालयमा सहमतिको लागि पठाइएको, अस्पतालमा बिग्रिएका उपकरणको देशमै मर्मत गर्न राष्ट्रिय आविष्कार केन्द्रसँग सम्झौता गरी २४ करोडका उपकरण मर्मत गरिएको, नागरिकको गुनासो तत्काल सुन्ने र सम्बोधन गर्ने हेलो स्वास्थ्य सुविधा प्रवाह, विज्ञहरूको सहयोगमा सुधारका विभिन्न प्रयत्न अगाडि बढाइएको ।

जनसङ्ख्या व्यवस्थापनका सबालमा विभिन्न कार्य गर्नुका साथै **राष्ट्रिय जनसङ्ख्या नीति, २०८२** पारित गरी कार्यान्वयनमा ल्याइएको यसले उच्च बसाई सराई, घट्दो जनसङ्ख्या वृद्धिदर नियन्त्रण, जनसङ्ख्याको अमिल्दो बाँडफाँड व्यवस्थित गर्ने र जनसाङ्ख्यिक लाभ लिने सम्बन्धमा प्रष्ट नीति र कार्यक्रमहरू प्रस्ताव गरेको छ । सीमित स्रोत साधन, विभिन्न प्रशासनिक तथा कानुनी जटिलता, अन्तर्राष्ट्रिय सहयोगमा कटौती, संयुक्त सरकारका जटिलता आदिका बीचमा प्राप्त भएका उपलब्धिबाट म आफू सन्तुष्ट छु । मैले सरकारमा रहेर काम गर्दा पार्टीको प्रभाव विस्तारमा सकारात्मक प्रभाव परेको विश्वास लिएको छु । संयुक्त सरकार भएकाले कतिपय प्रस्तावहरू मैले चाहँदा चाहँदै पनि निर्णय गराउन सकिनँ, सरकारले लिन लागेका कतिपय गलत निर्णय रोक्न सकिन । जस्तै सामाजिक सञ्जाल बन्द गर्ने सबालमा निरन्तर विमति राखे तापनि त्यसमा मैले नेतृत्वलाई मनाउन सकिन । स्वास्थ्य क्षेत्रको सुधार, स्वास्थ्य बीमाको सुविधा वृद्धि तथा संस्थागत विकास, जनसङ्ख्या व्यवस्थापनमा गर्नुपर्ने कतिपय काममा मैले लगेका प्रष्ट प्रस्ताव पनि मन्त्रिपरिषद्बाट स्वीकृत गराउन सकिन त्यसका लागि क्षमा चाहन्छु ।

२०८२ भदौ २३ गतेको घटना पश्चात सरकारबाट पार्टी अलगिनु पर्ने, सरकारले आन्दोलनमा भएको दमनलाई लिएर माफी माग्नु पर्ने, मृतकलाई सहिद घोषणा तथा क्षतिपूर्ति दिनुपर्ने, घाईतेको उपचार गर्नुपर्ने जस्ता मेरा दृष्टिकोण प्रष्ट थिए । त्यही दिन मैले घटनामा घाइते भएकाहरूको निःशुल्क उपचारको लागि स्वास्थ्य मन्त्रालयबाट निर्णय पनि गराएँ ।

मैले २३ भदौमा राति तयार पारेको राजिनामा पत्रमा यी सबै विषय उल्लेख गरी प्रधानमन्त्रीलाई मार्ग प्रशस्त गर्न अनुरोधसहित राजिनामा बुझाउन सम्माननीय प्रधानमन्त्रीलाई भौतिक रूपमा भेट्न जान खोजेको थिएँ । तर, सो विहानको परिस्थितिले यो सम्भव नभएकाले भदौ २४ गते बिहान ८.४५ मा विभिन्न संचारमाध्यमबाट राजीनामा सार्वजनिक गरेँ । सबै साथीहरूले सामूहिक राजिनामा दिने प्रधानमन्त्रीलाई भेटेर राजिनामा दिने आदि जस्ता प्राविधिक र प्रक्रियागत विषयमा अल्झदा २३ गते राति १० बजे तयार भएको राजिनामा २४ गते बिहान मात्र सार्वजनिक गर्ने अवस्था बन्यो । सरकारमा रहँदा भएका सकारात्मक कार्यमा यहाँहरूले पुऱ्याउनु भएको योगदान प्रति हार्दिक धन्यवाद दिन चाहन्छु र चाहँदा चाहँदै पनि जे जति काम गर्न सकिनँ त्यसका लागि माफी माग्दै म व्यक्तिगत रूपमा जिम्मेवारी लिन्छु ।

## ७. अन्त्यमा,

नेपाली कांग्रेस मुलुकको सबैभन्दा जिम्मेवार, गर्विलो इतिहास भएको, सबै दल तथा पक्षलाई मिलाएर लान सक्ने, बाह्य विश्वाससमेत आर्जन गरेको परिपक्क, गतिशिल एवं प्रजातान्त्रिक पार्टी हो । यसका नीति, निर्णय र नेतृत्व सधै समय अनुकूल परिपक्व र प्रष्ट छन् । मुलुकको पछिल्लो राजनीतिक घटनाक्रम, विश्व परिवेश, नेपाली कांग्रेसको विधान, आम नेपालीको चाहना र मुलुकको आवश्यकता बमोजिम नेपाली कांग्रेसको पुस्तान्तरण सहितको नेतृत्व परिवर्तन अत्यावश्यक देखिएको छ । यसै पनि नेपाली कांग्रेसको विधानले आगामी मंसिरमा नेतृत्व परिवर्तन गर्नुपर्ने नै थियो त्यसका अतिरिक्त मुलुकमा उत्पन्न विशेष परिस्थितिले शीघ्र नेतृत्व परिवर्तनको माग गरेको छ ।

नेपाली कांग्रेस प्रजातान्त्रिक पार्टी हो, यसको नेतृत्व सदैव लोकतन्त्रको प्रवर्द्धनमा क्रियाशील छ, अहिलेको धरातलीय यथार्थ र विषम परिस्थितिलाई आत्मसात गरी नेतृत्वले १५ औँ महाधिवेशन २०८२ पुषमा सम्पन्न गर्ने निर्णय गरोस् । मेरो विचारमा १५ औँ महाधिवेशन नै पार्टी र मुलुकको समस्या समाधान गर्ने तथा आम नेपाली

जनताको विश्वास पार्टी प्रति पुनःजागृत गराउने ब्रम्हास्त्र हो । यदि वर्तमान नेतृत्व १५ औँ महाधिवेशनको लागि तयार छैन भने मंसिर भरमा विशेष महाधिवेशन सम्पन्न गर्ने कार्यतालिका यसै बैठकले सार्वजनिक गरोस् । मुलुकको धरातलीय यथार्थ, भू-राजनीतिक स्थिति तथा देश र जनताको भावनालाई आत्मसात गरी पार्टीलाई एक ढिक्का बनाई मुलुकलाई अगाडि लैजाने सामर्थ्य ताजा जनादेश सहितको नयाँ नेतृत्वले मात्र गर्न सक्ने भएकाले यही बैठकले सम्वत् २०८२ पुष १० गतेभित्र पार्टीको १५ औँ महाधिवेशन गर्ने समय सारणी सहितको निर्णय गरोस् भन्ने प्रस्ताव राख्न चाहन्छु ।

**जय नेपाल ।।**

# फेसबुकमा जोडिनका लागी यहाँ स्क्यान गर्नुहोस


+977- 9851004286

ppaudelnc@gmail.com

www.pradip-paudel.com.np

**प्रदीप पौडेल**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस